# अध्याय–एक

## परिचय (**Introduction**)

## १.१ पृष्ठभूमि (**Background**)

नेपालको पहिलो विश्वविद्यालय सन् १९५९ मा स्थापित त्रिभुवन विश्वविद्यालय हो । यो विश्वविद्यालय खुलेको आज ५२ वर्ष मात्र पुगेको छ । यसमा पनि आधुनिक समाज विज्ञानका विधाहरुको पठनपाठन सुरु भएको लगभग ३० वर्ष मात्र पुगेको छ । त्यसलाई ध्यानमा राख्दा नेपालमा समाज विज्ञान अध्ययन, अनुसन्धानको अभ्यासको क्रमले पनि बलियो जग पाउन सकेको छैन भन्दा अत्युक्ति हुँदैन । केही व्यक्तिले स्वतन्त्र अनुसन्धान गरेर समाज विज्ञानका विभिन्न दृष्टिकोणबाट नेपाली इतिहास र समाजका विश्लेषणात्मक पुस्तकहरु हाम्रो अध्ययन,अनुसन्धानका लागि मार्गदर्शन भएका छन् ।

विभिन्न अन्तर्राष्ट्रिय महासन्धीहरुमा जातीय विभेद अन्त्य गर्ने सम्बन्धमा मानव अधिकारको रुपमा महत्वपूर्ण व्यवस्थाहरु गरिएको छ । मानव अधिकारको घोषणा पत्र १९४८ ले सबै मानव जाति स्वतन्त्र रुपले जन्मन्छन् र प्रतिष्ठा एवम् अधिकारमा समान छन् र प्रत्येक व्यक्ति कुनै किसिमको, खासगरी जाति, वर्ण वा उत्पत्तिको भेदभाव बिना सम्पूर्ण अधिकार तथा स्वतन्त्रताको हकदार छन् भन्ने कुराको प्रत्याभुति गरेको छ । त्यसैगरी अन्तर्राष्ट्रिय महासन्धी १९६५ को धारा १ अनुसार जातीय भेदभावको परिभाषा गर्दै यसरी भनिएको छ "राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जिवनका वा अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा स्वतन्त्रताहरुको मान्यता उपयोग वा व्यवहार निषेध वा कमजोर गर्ने उद्देश्य प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातिय उत्पत्तीमा आधारित कुनै पनि भेदभाव, वहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनुपर्छ भनिएको छ ।" (राष्ट्रिय दलित आयोग)

बौद्धिक तथा अनुसन्धानमुखी समुदाय तथा व्यक्तिका लागि तथा नयाँ नयाँ पुस्ताका विद्यार्थीहरु लाई थोरै भएपनि मेरो यो समाजशास्त्रीय कार्यले सहयोग गर्नेछ भन्ने आशालिएको छु ।

शताब्दीयौं देखि नेपाली समाजमा प्रचलनमा रहेको जातीय प्रथा तथा त्यसको आधारमा गरिने छुवाछुत र भेदभावपूर्ण व्यवहारलाई राज्य स्तरमा र नागरिक स्तरमा समेतअन्त्य गरी सबै जातजाति, भाषा भाषी तथा सम्प्रदायक हरुका बीच आपसी मैत्री सहिष्णुतालाई अभिवृद्धि गरी राष्ट्रको मूल प्रवाहमा समाहित गर्ने उद्देश्य अनुरुप तत्कालिन नेपाली समाजमा रहेका जातीय विभेद अन्त्य गर्ने उद्देश्यले राष्ट्रिय स्तर देखी नागरिक स्तरसम्म धेरै प्रयासहरु भइरहेका छन् भन्ने कुरामा दुइमत हुन नसके पनि यसरी राज्य स्तरबाट गरिएका प्रयासहरु सबै क्षेत्र, जाति माथि समान रुपले भएको पाउन सकिदैन । यसरी समान रुपमा लागु हुन नसक्नुका कारणहरुका बारेमा खोजमूलक जानकारी प्राप्त गर्ने उद्देश्य अनुरुप मैले यो कार्यलाई निरन्तरता दिने उद्देश्य राखेको छु ।

नेपाल विभिन्न जातजातिको संगम स्थल भएकोले सांस्कृतिक संग्रहालयको रुपमा लिन सकिन्छ । यहाँ बसोबास गर्ने प्रत्येक जाति वा समुदायले आफ्नो संस्कृति, रितिरिवाज सामाजिक संरचना तथा आर्थिक पक्षको विकास गरी आफ्नो जातीय पहिचान प्रस्तुत गर्न प्रयासरत छन् ।

राष्ट्रिय जनगणना २०५८ ले दलितको कुल जनसंख्या २९,४६,१५७ ( १२.९७%)उल्लेख गरेको छ । जसमा पहाडे दलितको कुल जनसंख्या १६,१५,५७७ (७.११%) मधेसी दलितको जनसंख्या ११,५७,१७९ (५.१०%) र पहिचान हुन नसकेको दलितको जनसंख्या १,६३,४०१ (०.७६%) देखाइएको छ । पहाड मधेस समेत गरी पहिचान हुन नसकेको दलितको संख्या बाहेक नेपालको कुल दलितको संख्या २७,७२,७५६(१२.२१%) हुन आउँछ ।

नेपाल चार जात छतिस वर्णको साझा फूलबारी हो । विभिन्न भाषाभाषीहरु,धर्मावलम्वीहरु त्था विभिन्न सांस्कृतिक समुदायका मानिसहरु मिलेर बसेका हुनाले नै नेपाललाई एउटा साझा फूलबारीका रुपमा लिइएको हो । (विष्ट २०५२) विकास दैविक शक्तिबाट आउने कुरा होइन, जसका लागि खास विकास रणनितीहरुको आवश्यकता पर्दछ । तर सामाजिक, सांस्कृतिक पक्षलाई ध्यान दिएर आफ्नो देश, समाजलाई सुहाउँदो विकास रणनीतिको अवलम्बन गर्नु पर्दछ । नेपालमा बजार तथा जनता निर्देशित विकास रणनीति सन् १९५० को दशकदेखी नै लागु भएको पाइन्छ।(Bhattachan,1997)

विकास एउटा बहुआयामिक प्रकृया हो, यसले संरचनात्मक परिवर्तन, संस्थागत परिवर्तन र पवृत्तिगत परिवर्तनका साथै आर्थिक विकासमा तिव्रता ल्याउने, समाजमा विद्यमान असमानता हटाउने र निरपेक्ष गरिबीलाई उन्मुलन गर्दछ । (Todaro 2003) यसर्थ विकास कुनै व्यक्ति, समुदाय वा राष्ट्रको कुनै एक पक्षमा मात्र प्रगति नभई सम्पूर्ण पक्षहरुमा हुने परिवर्तनलाई विकास मान्न सकिन्छ भन्ने सन्दर्भमा नेपाली समाजभित्र पनि तराई क्षेत्रमा रहेका दलित र गैह्र दलित समुदाय भित्र कस्तो परिवर्तन छ भन्ने विषयलाई मेरो अध्ययनको मुख्य आधार बनाइएको छ ।

विकासको प्रकृयामा सामुदायिक तथा मौलिक संगठनहरु विश्व तहमै अस्तित्वमा रहँदै आएको छ । अझै विकसित राष्ट्रले समग्र राष्ट्रिय विकासलाई सामुदायिक संगठनहरुमा विशेष महत्व दिँदै आइरहेका छन् । नेपालमा पनि समुदायको समग्र विकासका निम्ति सामुदायिक तथा मौलिक संगठनहरुको आवश्यकता महसुस गरिएको छ । यसरी समाज विकास र परिवर्तनमा महत्वपूर्ण योगदान पुऱ्याउने गैह्र सरकारी संस्थाहरु मध्ये समग्र विकास सेवा केन्द्र पनि एउटा हो जुन संस्थाले समाज विकास र परिवर्तनका निम्ति ‘सामाजिक परिवार’ भन्ने अवधारणा ल्याएको छ जसको अर्थ र प्रभावकारिताको बारेमा व्याख्या र विश्लेषण गर्ने प्रयत्न पनि यस कार्यमा गरिएको छ ।

चेतना र समाज भन्ने कुराहरु कुनै दैवी वा अलौकिक शक्ति ( supernaturalpower) बाट प्राप्त हुँदैन न त यिनीहरुको निर्माण प्राकृतिक वा स्वनिर्मित नै हुन्छ । बरु यिनीहरुको निर्माण खास खालको सामाजिक संरचनाहरुले खासखास समयको कालखण्डमा भिन्न भिन्न रुपले गर्ने गर्दछ । कुनै पनि कुरालाई बुझ्न र व्याख्या गर्न तथा विश्लेषण गर्नका लागि उक्त विषयवस्तु माथि प्रभाव पार्न सक्ने तत्वहरुलाई बुझ्नु पर्ने हुन्छ भन्ने कुरालाई आत्मसात गर्दै मैले नेपाली समाजभित्र रहेको सामाजिक संरचनाहरुको विश्लेषण गर्ने उद्देश्यले उक्त अध्ययन कार्य सम्पन्न गर्ने निर्णय गरेको छु ।

नेपाल पुनरसंरचनाको संघारमा छ । नेपाली जनता आफैंले आफू उपर शासन गर्ने भन्ने कुरा अब बहसको विषय बनिरहेको छ । यस्तो अवस्थामा कुलमा आधारित, वंश या जातमा आधारित सामाजिक नेतृत्वको सट्टा जनतामा आधारित सभ्य र समुन्नत राज्यको निर्माण गर्नुपर्ने अवस्थामा समाजमा रहेका जातीय विभेद, शोषणको अन्त्य गर्न चाहने जुन

सुकै व्यक्ति तथा संस्थाका लागि थोरै हदसम्म भएपनि यो मेरो अनुसन्धान कार्यले सहयोग गर्ने छ भन्ने आशा लिएको छु ।

### १.१.१ सामाजिक परिवार

समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा मानिसका सामाजिक, सांस्कृतिक, आर्थिक आवश्यकता पुरा गर्नका निम्ति समुदायका विभिन्न सदस्यहरु एक आपसमा मेल, एकता,सद्भावना र आफ्नोपनको धारणाबाट अभिप्रेरित भई निर्माण तथा गठन गरिएको एक सामाजिक संस्थालाई सामाजिक परिवार भनेर व्याख्या गर्न सकिन्छ । जुन परिवार समुदायको विकास र समुदाय-समुदाय बिचमा रहेको सम्बन्धको विकास र वृद्धि गर्न निस्वार्थ भावनाले लागि पर्दछन् । समुदायमा बिरामी, सुत्केरी समस्या, मृत्यु, दैवि प्रकोपको समस्या, आफ्नै समुदाय भित्रबाट नै सहज रुपबाट समाधान गर्नका लागि समुदायमा सामाजिक परिवारको आवश्यकता पर्दछ । (समग्र बुलेटिन, २०६७) । कुनै खास समुदायमा रहेका घरभित्रका मानवहरु संगठित भई आफ्नो र बालबच्चाको भविष्य खोजीका लागि संगठित भएका छन् । एउटा घर परिवार जस्तै उनीहरुको संगठनलाई उनीहरु सामाजिक परिवार भन्छन् । उनीहरुले संगठनमा आफ्ना सुखदुख बाँड्ने चलन बसाएका छन् । बिरामी, सुत्केरी, मृत्यु, दैवि प्रकोपका बेलामा पर्ने समस्या टार्न उनीहरु एक अर्कालाई सघाउँछन् । सुखमा सहभागी हुने र आफूले जानेको कुरा आफ्ना सामाजिक परिवारका अन्य सदस्यलाई सिकाउने गर्छन् । गाउँमा आयोजना हुने विकास निर्माणका कार्यहरु बाटो निर्माण, पुल निर्माण, तथा भवन निर्माण जस्ता कार्यमा सामुहिक संलग्नता रहेको हुन्छ । सामाजिक परिवारको अवधारणा १९९० को दशकबाट सुरु भएको हो । जसलाई समग्र विकास सेवा कन्द्रले विभिन्न जिल्लाहरुमा गठन गर्दै आइरहेको छ । हालसम्म विभिन्न १० वटा जिल्लामा जम्मा २०२ सामाजिक परिवार गठन भइका छन् । (समग्र बुलेटिन २०६७)

आजको यो परिवर्तनशील अवस्थामा आइपुगेको नेपाली समाजमा बढ्दो जातीय,वर्गीय, लैङ्गिक, दलित, जनजाति, आदिवासी, मधेशी तथा अन्य सिमान्तकृत समुदाय लाई शसक्तिकरण गर्न नेपालका विभिन्न जिल्ला हरुमा सामाजिक परिवारको गठन गर्ने अवधारणा समग्र विकास सेवा केन्द्रले ल्याएको अवधारणा हो ( समग्र बुलेटिन २०६७ ) जुन अवधारणा आजको नेपाली समाजमा कति प्रभावकारी रहेको छ भन्ने विषय पनि मेरो यस अध्ययन कार्यमा समावेश गर्ने उद्देश्य राखेको छु ।

## १.१.२ सामुदायिक संगठन

धार्मिक एवम् सामाजिक सुधारको उद्देश्यले सन् १८१५ मा स्थापित आर्य समाज बाटै नेपाली जनताको सशक्तिकरणको संगठनात्मक अभिव्यक्तिको सुरुवात भएको पाइन्छ । (Nepaune, 2004 : 384०संगठनका तीन पक्षहरु हुन्छन् - सम्बद्धता, अन्तरक्रिया र एकता । तुलनात्मक रुपले स्थायी किसिमको सम्बद्धता, अन्तरक्रिया र एकताको समागमनलाई संगठन भनिन्छ । संगठनहरु विभिन्न भूमिकाहरुका संरचना हुन् । (Javry et all 1995:4 cited Neupane 2004) त्यसैले संगठनका भूमिका कस्ता छन् भन्ने कुराले तिनीहरु परिवर्तन र प्रगतिको पक्ष वा विपक्षमा भएको कुरालाई स्पष्ट पार्छ । संगठनहरु औपचारिक र अनौपचारिक दुवै प्रकारका हुन सक्छन्, वैधानिक वा गैह्र वैधानिक पनि हुन सक्छन् । चरित्रगत हिसाबले संगठनहरु राजनैतिक, सामाजिक, सांस्कृतिक वा सैनिक किसिमका हुन सक्छन् । ( Neupane 2004) ।

सामुदायिक संगठनहरु भन्नाले नागरिक समाज भन्ने बुझिन्छ । जुन संगठनहरु नाफामुलक हुँदैनन् । त्यसैले एउटा समुदायभित्र सञ्चालित हुन्छ । त्यसै गरी नाफारहित संगठन हरु कहिलेकाही स्वयम्सेवक का रुपमा सञ्चालन भएका हुन्छन् । सामुदायिक संगठनभित्र विभिन्नताहरु रहेका हुन्छन् । केही औपचारिक रुपले विधान तयार पारी सञ्चालन भएका हुन्छन् भने केही अनौपचारिक रुपमा चलेका हुन्छन् । विकासको प्रकृयामा सामुदायिक संगठनहरु विश्व तहमै अस्तित्वमा रहँदै आएको छ । विकसित राष्ट्रले समग्र राष्ट्रिय विकासलाई सामुदयिक संगठनहरुमा जोड दिँदै आएका छन् । नेपालमा पनि विकासका लागि सामुदायिक संगठनहरुको महत्वलाई बुझी सरकारी तथा गैह्र सरकारी संस्थाबाट सामुदायिक संगठनहरुलाई प्रोत्साहन तथा सहयोग प्रदान गरिएको छ । जस मध्ये एउटा सामाजिक परिवारको अवधारणा पनि रहेको छ ।

कुनै पनि समुदाय, राष्ट्रको विकासका लागि संगठन र त्यसमा सांगठानिक एकताको आवश्यकता पर्छ । सामुदायिक संगठन र विकास एउटा रथका दुई पाङ्ग्रा जस्तै हुन् । अर्थात् सामाजिक एकता, मेल संगठन बिना विकास संभव हुँदैन । चाहे त्यो सानो गाउँ होस् वा समुदाय, राष्ट्र समग्र राष्ट्रको विकासको जथ भनेको परिष्कृत सामाजिक संगठन हुन्छ । समाजमा रहेको जातीय, धार्मिक, वर्गिय द्वन्द्वलाई कुनै खास संगठनको निर्माणले केही

लचकता ल्याउन सक्छ । त्यसर्थ विकासका लागि सामाजिक एकता भन्नुको अर्थ सामाजिक संगठन अपरिहार्य रहन्छ ।

## १.१.३ गैरसरकारी संस्था निर्देशित विकासको अवधारणा

समुदाय विकासको प्रकृयामा गैह्र सरकारी संस्थाको भूमिका महत्वपूर्ण हुने गर्छ । यसले राज्य र समुदायबीचको अन्तरलाई पुलको रुपमा जोड्ने कार्य गर्छ । विकास प्रकृयाका निमति विभिन्न रणनीतिहरु मध्ये गैह्र सरकारी संस्था निर्देशित विकास रणनीति विकासको एउटा अपरिहार्य र महत्वूर्ण रणनीति हो । सार्वभौमिक मानवीय मूल्यलाई आत्मसात गरी मानव विकासका अनेकौं पक्षहरुमा संलग्न भएका राज्यको सहयोगी अंगको रुपमा रही काम गर्ने, सरकारद्वारा अधिनस्त नभएका स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कार्यरत स्वतन्त्र तथा स्वायत्त गैर नाफा मुलक संस्थाहरुलाई गैह्र सरकारी संस्था भनिन्छ । वास्तवमा गैह्र सरकारी संस्थाहरु सामाजिक सक्रियतालाई बढाउँदै निष्पक्ष र स्वतन्त्र रुपले काम गर्ने गर्छन् । अर्थात् यस्ता संस्थाहरुले सुक्ष्म स्तरमा रहेका विभिन्न संघ संस्थाहरुलाई सहयोग गर्दै खास गरी विपन्न वर्ग, उपेक्षित समुदाय, तथा स्थानीय जनताहरुलाई नीति निर्माणको तहमा सहभागी हुने वैकल्पिक अवसर प्रदान गरी आएका छन् । सामाजिक चेतना अभिवृद्धि, वातावरण संरक्षण र संवर्द्धनका निम्ति गैह्र सरकारी संस्थाहरुको भूमिका अपरिहार्य मानिन्छ । गैह्र सरकारी संस्थाले स्थानीय एवम समुदाय स्तरमा जनचेतना जगाई ग्रामीण नेतृत्वको विकास, समाजमा विद्यमान विसंगति, विकृति,अन्याय, अत्याचार लगायत परम्परागत मूल्य मान्यताहरुको सामाजिक परिवर्तन एवम् विकासका विभिन्न कार्यक्रमहरुमा जनसहभागिता प्रोत्साहन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छन् । (Dhahal and Bongartz:1996) दरिद्रता, असमानता, असुरक्षा र अधिकार विहिनता जस्ता जनताका समस्याहरुको समाधान गर्नमा देखिएको सरकारी र बजार क्षेत्रको निरन्तर असफलता, वातावरणीय ह्रास, नैतिक मूल्य मान्यता र संस्कारको पतन आदिले संघसंस्थाको संलग्नताको औचित्यलाई अझ बढाएका छन् ।

गैह्र सरकारी संस्थाको उत्पत्तिको सन्दर्भलाइ पहिल्याउने हो भने सन् १६०१ मा संयुक्त राज्य अमेरिकामा स्थापित (पुअलर) नामक परोपकारी संस्थाको इतिहास सम्म पुग्न सकिन्छ । नेपालको सन्दर्भमा गैरसरकारी संस्थाको इतिहासलाई हेर्दा वि.सं. १९८३ मा समाज सेवाको उद्देश्यले स्थापित श्री चन्द्रकामधेनु चर्खा प्रचारक 'महागुठी' गैह्रसरकारी

संस्था सम्म पुग्न सकिन्छ । त्यसैगरी वि.सं. १९८५ मा तुलसी मेहर श्रेष्ठद्वारा स्थापित 'चर्खा प्रचारक'संस्थालाई पनि गैह्रसरकारी संस्थाको रुपमा लिने गरिन्छ । नेपाली समाजको विभिन्न समयमा भएको राजनैतिक उतार चढावसंगै समय अनुकुल गैह्र सरकारी संस्थाहरुको उत्पत्ति र विकास भईरहेको अवस्थामा ग्रामिण क्षेत्रमा सामाजिक विकास गर्ने उद्दश्यले स्थापना भएको गैह्र सरकारी संस्थाका रुपमा समग्र विकास सेवा केन्द्रलाई पनि लिन सकिन्छ । जुन संस्था वि.सं.२०५३ सालमा गैह्रसरकारी संस्थाको रुपमा दर्ता भएको हो ।

नेपालको सन्दर्भमा जनचेतना र शिक्षाको वृद्धि र विकासमा गैह्रसरकारी संस्थाको भूमिका महत्वपूर्ण रहदै आएको छ । राज्यद्वारा समेट्न नसकिएका वा समेट्ने प्रयासमा रहेका विभिन्न क्षेत्रहरुमा गएर शिक्षा र जनचेतनामूलक विभिन्न कार्यक्रमहरु गैह्र सरकारी संस्थाले आयोजना गर्छन् । पिछडिएका वर्ग, समूह, गरिब, जाति जनजातिहरुको निम्ति विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुले शिक्षा सम्बन्धि महिला शिक्षा, प्रौढ शिक्षा जस्ता सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिरहेको पाइन्छ । जस अन्तर्गत समग्र विकास सेवा केन्द्र पनि महत्वपूर्ण गैह्र सरकारी संस्थाको रुपमा कार्य गर्दै आइरहेको छ । गैह्र सरकारी संस्थाहरुले सञ्चालन गर्ने सामुदायिक विकास रणनीतिमा स्थानिय जनतालाई विकासको केन्द्रबिन्दुमा राखिन्छ । उनीहरुको विचार, अनुभव र सहभागिता लाई प्राथमिकता दिइन्छ ।

## १.२ समस्याको कथन ( statement of the problem )

अन्तरिम संविधान भाग ३ को मौलिक हक अन्तर्गत धारा १४ मा छुवाछत तथा जातिय भेदभाव विरुद्धको हक छ जसमा कुनै पनि व्यक्तिलाई जात, समुदाय, वंश वा पेशाका आधारमा कुनै किसिमको छुवाछत वा जातिय भेदभाव गरिने छैन । यस्तो भेदभाव दण्डनिय हुनेछ र पिडित व्यक्तिले कानुन द्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ (राष्ट्रिय दलित आयोग) त्यसैगरी जातीय समानताको लागि मुलुकी ऐनले कसैले कसैलाई जातको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार वा वहिष्कार वा निषेध गरेमा तीन महिना देखि तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेका छ ।(राष्ट्रिय दलित आयोग) यसरी सरकारी निकायबाट जातीय समानता र सदभावका निम्ति अपनाइएका नीति योजना तथा

कानुनहरु दलित समुदायका लागि कति प्रभावकारि छ भन्ने कुराको अध्ययन गर्नु पनि यस अध्ययनको समस्याको रुपमा रहेको छ ।

भनाईमा सामुदायिक तहदेखि लिएर राजनैतिक तहसम्म एकता, सदभाव रहेको एकता बाट नै हामी सबै अगाडी बढ्नु पर्छ भन्ने कुरा सभा, सम्मेलन, भाषण, पत्रपत्रिका तथा विभिन्न सञ्चार माध्यमहरुमा प्रशस्त चर्चा हुने गरेको पाइन्छ । विभिन्न जातजाति, भाषाभाषी, विभिन्न धर्म मान्ने हामी एक हौं भन्ने आवाजहरु प्रशस्त सुन्ने गरिन्छ तर वास्तविक नेपाली समाजमा सामाजिक एकता, जातिय मेलमिलाप, सदभाव, कमजोर हुन गई जातिय तथा क्षेत्रिय द्वन्द्व भएका उदाहरणहरु ह्नम्रो सामु प्रशस्त रहेका छन् । यसरी नेपाली समाजमा रहेका जातीय द्वन्द्व अन्त्य गर्नका लागि सांगठनिक एकता तथा जातिय मेलमिलाप क्षेत्रिय, भाषिक, धार्मिक तथा लैङ्गिक एकता हुन नसक्नु समस्याको रुपमा रहेको छ ।

दलित समुदाय र गैरदलित समुदायको आफ्नै-आफ्नै भाषा, संस्कृति, रितिरिवाज,चालचलन हुने भएकोले उनीहरुको विकासका लागि सामाजिक, सांस्कृतिक संरचनाहरुको पनि संरक्षण र विकास गर्नु आजको समाजको आवश्यकता रहन गएको छ । पूर्व मेची देखि पश्चिम महाकालीसम्म विभिन्न क्षेत्रमा रहेका दलित र गैह्र दलित समुदायको आ-आफ्नै मौलिक जीवन पद्धति पाइन्छ । यिनीहरु सबैलाई राष्ट्रिय मूल धारमा समावेश गरी राज्यको विकास गर्नको लागि परम्परागत मूल्य मानवता तथा विचारमा क्रमशः परिवर्तन हुँदै दलित र गैरदलित बिचको सम्बन्धमा सकारात्मक विकास र परिवर्तन हुनु आवश्यक छ ।नेपालको तराई भागमा युगौंदेखि बसोबास गर्दै आइरहेका दलित र गैरदलित समुदायभित्र विभिन्न संस्कृति र मूल्य मान्यताहरुमा पनि परम्परागत रुपबाट नै आफ्नो अस्तित्वलाई कायम राख्दै आएका छन् । समयको परिवर्तन र विभिन्न तत्वहरुको प्रभावका कारण नेपालको तराई क्षेत्रमा बसोबास गर्ने मधेसी र पहाडे जाती तथा दलित र गैह्र दलित समुदायका बिचमा सामाजिक सम्बन्ध, सांस्कृतिक व्यवहार र मूल्य मान्यताहरुमा पनि प्रशस्त परिवर्तनहरु हुँदै आएको पाइन्छ ।

नेपालमा परम्परागत रुपमा प्रचलनमा आएका विभिन्न मौलिक संगठनहरु गुठी, भेजा, पर्मा, रोधी जस्ता संगठनहरु कमजोर बन्दै गइरहेका छन् । जुन संगठनहरु सामुदायिक संगठनहरु ग्रामिण विकासका लागि महत्वपूर्ण थिए । समुदायका मानिसहरुमा

विचारको एकताहुन नसक्नु, समुदायका मानिसहरु संगठित हुन नसक्नु, तथा सरकारी पक्षबाट यस प्रकारका मौलिक संगठनहरुको विकासतर्फ खासै चासो नदेखाउने कारणले गर्दा आज समुदायमा यस प्रकारका मौलिक संगठनहरु पूर्ण लोप नभए पनि संख्यामा कमि आएको उदाहरण नेपाली समाजमा पाउन सकिन्छ । यसरी मौलिक संगठनहरुले समुदायको आवश्यकता पुरा गर्न असफल रहेको अवस्थामा समग्र विकास सेवा केन्द्र जस्तो गैर सरकारी संस्थाले ल्याएको अवधारणा सामाजिक परिवारको प्रभावकारिता र उपयोगिता आजको समाजमा के कति रहेको छ भन्ने समस्याको समाधान लाई पनि यस अध्ययनको मुख्य समस्याको रुपमा लिन सकिन्छ ।

सामाजिक परिवारको गठनले समुदायमा दीर्घकालिन र अल्पकालिन परिवर्तनहरु गर्नमा कति योगदान पुऱ्याएको छ ? भन्ने समस्याको समाधान गर्ने उद्देश्य पनि मेरो अध्ययनको रहेको छ । समुदायमा रहेका जातीय, लैङ्गिक तथा शोषणलाई अन्त्य गरी बाहुन, क्षेत्री, दलित,जनजाति को सम्बन्धमा परिवर्तन ल्याउन सामाजिक परिवार कति हदसम्म सक्षम र सफल भएको छ ?

## १.३ अध्ययनको उद्देश्य(**Objectives of the Study**)

यस अध्ययनको सामान्य उद्देश्यमा अध्ययन क्षेत्रमा सामाजिक परिवारको गठन स्थापनाले के कस्तो परिवर्तन र ग्रामिण विकास गरेको छ भन्ने हेर्नु रहेको छ भने यस अध्ययनको विशिष्ट उद्देश्य यसप्रकार रहेको छ ।

- गैह्र सरकारी संस्था समग्र विकास सेवा केन्द्रले ल्याएको अवधारणा सामाजिक परिवार समुदायका लागि कति प्रभावकारी रहेको छ ।
- सामाजिक परिवार मार्फत् समुदायका मानिसहरुको सम्बन्धमा भएको विकास र परिवर्तन लाई अध्ययन, अवलोकन गर्नु यस अनुसन्धान कार्यको मुख्य उद्देश्य रहेको छ ।

## १.४ अध्ययनको महत्व ( **Rational of the study** )

ग्रामिण समुदायको सामाजिक तथा आर्थिक विकास न भईकन सम्पूर्ण देशको विकास हुन सम्भव छैन । ग्रामिण समुदायको विकास हुनका निम्ति त्यस समुदायमा रहेका

जनताहरु बिचमा रहेको आपसी मेलमिलाप, सांस्कृतिक सम्पर्क, जातिय सम्बन्ध तथा एकता हुनु अनिवार्य रहन्छ । जसलाई मेरो अध्ययनले विश्लेष्ण गर्न खोजेको छ । कुनै पनि समुदायको सामाजिक सम्बन्ध विकास र विस्तार गर्ने कार्यमा सामुदायिक संगठन कति हदसम्म सफल भएको छ भन्ने विश्लेषण गर्ने उद्देश्य राखी अध्ययन गर्नु मेरो अध्ययनको आफ्नै महत्व रहेको छ । सामाजिक परिवार जस्तो सामुदायिक संगठनले अध्ययन क्षेत्रका समुदायमा पारेको प्रभाव बारे अनुसन्धानात्मक अध्ययनबाट निष्कर्ष निकाल्नु यस अध्ययनको महत्व रहने छ । समाजशास्त्रीय अध्ययनको मुख्य विषयवस्तु सामाजिक सम्बन्धको व्यवहारहरुको अध्ययनमा जोड दिई सामाजिक एकता तथा सांगठनिकता हुँदा समाजमा देखा पर्ने सकारात्मक विकासहरुको विश्लेषण गर्नु यस अध्ययनको महत्वको रुपमा लिन सकिन्छ ।

राष्ट्रको स्थायी शान्ति र दिगो विकासका निम्ति सबै समुदायहरु एकजुट र एकताबद्ध हुनसके वा सांगठानिक एकताबाट मात्र समग्र देशको विकास हुन संभव हुन्छ भन्ने कुरालाई समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन क्षेत्रमा रहेको सांगठनिक एकता र त्यसले पारेको प्रभावको आधारमा अनुसन्धानात्मक अध्ययन अवलोकनबाट निष्कर्ष निकाल्नु यस अध्ययनको महत्व रहने छ । जसलाई सामाजिक परिवार जस्तो सामुहिक संगठनको अध्ययन क्षेत्रमा पारेको प्रभावका आधारमा निष्कर्ष निकालिएको छ । अनेकता भित्र एकता नेपाली संस्कृतिको मूल विशेषता नै हो । यिनै विविधता भित्रको एकताको भावनाको विकास गराई समृद्ध र सभ्य समाजको विकास गर्न अनुसन्धानले सहयोग गर्ने आशा राखिएको छ । कुनै पनि जाति तथा दुई वा दुई भन्दा बढी जातीहरु बिचको सामाजिक सम्बन्धको अध्ययन अनुसन्धान गर्नु, त्यस विषयमा गहिरो ज्ञान प्राप्ती हो साथै आफूले प्राप्त गरेको ज्ञान अन्य व्यक्ति तथा समुदाय समक्ष पुऱ्याउने अवसर पनि प्राप्त गर्नु यस अध्ययनको अर्को महत्वका रुपमा लिन सकिन्छ ।

# अध्याय - दुई

## सन्दर्भ साहित्यको समिक्षा(**Literature Review**)

## २.१ पृष्ठभूमि(**Background**)

यस अध्यायमा सैद्धान्तिक र व्यावहारिक पक्षबाट भएका अध्ययन अनुसन्धान कार्यहरुको समीक्षा गरिएको छ ।

'कवि करोति कात्थ्यानी, रसम् जानन्ति पण्डिता' : अर्थात् कविले कविता लेख्छ तर त्यसको व्याख्या पण्डितहरुले गर्दछन् भने जस्तै आफैं सहभागी भई गरेको अध्ययन, अनुसन्धान भन्दा अरुले कुनै पनि विषयमा गरेको अध्ययन, अनुसन्धान कार्यबाट बढी विचार र अनुभव प्राप्त हुने साथै अरुले गरेको कार्यको समिक्षा र मूल्याङ्कन बढी रोचक र सुचनामूलक हुनसक्छ त्यसकारण कुनै पनि अनुसन्धान मूलक कार्य प्रभावकारी र सहज तरिका बाट सम्पन्न गर्न आफ्नो अध्ययन संग सम्बन्धित कार्यहरुको अध्ययन गर्नुपर्दछ । यही यथार्थलाई दृष्टिगत गर्दै यस अनुसन्धान कार्यको विवेचना र विश्लेषणको निम्ति पनि केही सैद्धान्तिक अवधारणाहरुको पुनरावलोकन गर्ने प्रयास गरिएको छ । जस अन्तर्गत मेरो यस अध्ययनमा संरचनात्मक प्रकार्यवादको सैद्धान्तिक अवधारणालाई अवलम्बन गरिएको छ ।नेपाल विभिन्न जातजातिको संगम स्थल भएकोले सांस्कृतिक संग्रहालयको रुपमा लिनसकिन्छ । यहाँ बसोबास गर्ने प्रत्येक जाति वा समुदायले आफ्नो संस्कृति, रितिरिवाज सामाजिक संरचना तथा आर्थिक पक्षको विकास गरी आफ्नो जातीय पहिचान प्रस्तुत गर्न प्रयासरत छन् । जसका बारेमा केही विद्वान तथा समाजशास्त्रीहरुले स्वतन्त्र अनुसन्धान गरेर नेपाली समाजभित्र रहेका विभिन्न जातीय, लैङ्गिक, वर्गीय, सामाजिक विभेदका बारेमा समाजका विश्लेषणात्मक पुस्तकहरु प्रकाशन भएका छन् । नेपाली समाजको अवस्थाको चित्रण गर्ने ती विभिन्न पाठ्य सामाग्रीहरु मेरो यस अनुसन्धानको लागि सहयोगी सिद्ध भएका छन् ।साथै विभिन्न समाचारहरु, लेखरचना, जस्ता स्रोतहरु समेत यस अध्ययन अनुसन्धानका लागि मार्गदर्शन भएका छन् ।यस अध्ययनलाई मुलरुपमा दुई भागमा विभाजन गरिएको छ । पहिलो उपशिर्षकमा सैद्धान्तिक अवधारणालाई पुनरावलोकन गरिनेछ । दोस्रो उप-शिर्षकमा अनुभवजन्य साहित्यको समिक्षा गरिएको छ ।

### २.१.१ संरचनात्मक प्रकार्यवाद (**Structural Functionalism**)

यो अनुसन्धान कार्य विशेषतः प्रकार्यवाद सिद्धान्तमा आधारित रहेर गरिएको छ । संरचनात्मक प्रकार्यवादले समाजलाई स्वतन्त्र सञ्चालन भइरहने प्रणालीको रुपमा मान्दछ । प्रकार्यवाद एउटा समाजशास्त्रीय वर्णन कुनै पनि एकाइहरुको तथा पूर्ण संरचनागत परिणामहरुको आधारमा गर्दछ । ( फ्रान्सिस, १९८७:७२ ) संरचनात्मक प्रकार्यवादले द्वन्द्वमा भन्दा सामाजिक संरचनाहरु बिच सद्भाव र मेलमिलाप रहने कुरामा जोड दिन्छ । Tolcott Parson (1951) सामाजिक संरचना त्यस्तो विशिष्ट क्रमबद्धता हो जहाँ प्रत्येक अन्तर सम्बन्धित संस्था, एजेन्सी तथा सामाजिक ढाँचा लगायत पद र भूमिका संलग्न हुन्छन् जहाँ प्रत्येक व्यक्ति समूहमा रहेका हुन्छन् ।

Collins Dictionary of Sociology (2000)

"Structural functionalism is a theoretical approach in which societies are conceptualized as social system and particular features of social structures are explained in terms of their contribution to the maintenance of these systems, e.g. Religions, rituals, rituals explained in terms of the contribution on it makes to social integration."

Brown, (1952)

"Social structure is an arrangement of persons in institutionalized roles and relationship, structural continuity is the continuity of such arrangement."

मैले अध्ययनको निम्ति छनौट गरेको सितापुर र गोविन्दपुर गाविसमा रहेका सामाजिक परिवारलाई संरचना मानी त्यस संरचना भित्र सदस्यहरु कसरी एकापसमा मिलेर बसेका छन् । उक्त संरचना भित्र रहेका संस्कृति, मुल्य मान्यता, सामाजिक परिवार जस्ता मौलिक संगठन र यसभित्र रहेका मुल्य मान्यताको प्रकार्यबाट कसरी सिङ्गो समाजको प्रकार्य अगाडी बढेको छ भन्ने कुराको अध्ययन गर्ने प्रयास गरेको छु । साथै उक्त समुदायमा समग्र विकास सेवा केन्द्र जस्तो गैरसरकारी संस्थाले जनताहरुमा कस्तो परिवर्तन ल्याएको छ भन्ने कुरालाई अध्ययनको विषय बनाई विश्लेषण गर्ने प्रयत्न गरेको छु ।

## २.२ अनुभवसिद्ध साहित्यको समिक्षा ( **Review of Empirical Literature** )

देवकोटा(२००८)का अनुसार विकास सम्बन्धि समस्या संसारभरी नै विशाल तथा जटिल रहेको छ । यस्ता यी समस्याहरुलाई प्राविधिक विज्ञ तथा आर्थिक सम्पूर्णता बाट मात्र समाधान गर्न सकिदैन । त्यस्ता समस्याले जनताको सांस्कृतिक र समाजको संरचनाको सम्पूर्णताका साथ मानवीय बुझाइको माग गर्दछ । त्यसकारण सम्पूर्ण सामाजिक तथा संस्कृतिमा आधारित विकासको बुझाई जनता केन्द्रित विकासका  गहिरो छलफलबाट मात्र पाउन सकिन्छ ।

क्यानडा तथा अन्य देशहरुमा हुनेA Mature Sports Clubs, School Group, Church Groups, Youth Group and Community Supportसामुदायीक संगठनका उदाहरणहरु हुन् । (Wikipedia.org/wiki/community organization )

त्यसैगरी नेपालमा आदिवासीहरुमा आधारित मौलिक संगठनहरुमा Dhikur, Guthi, Parma, Dharma Panchaya, Bheja, Rodhi आदि रहेका छन् भने जनता समुदायमा आधारित निर्मित कार्यक्रमहरुमा Small Farmar's Development Programme (S.F.D.P.) Swabalamban, Production Credit for Rural Women (PCRW), Farmer Managed Irrigation System (FMIS), Small Farmer's Co-operative (SBP), Production Credit of Rural Women (PCRW), Nirdham Gramen Bank (NGB), Community Foresty (CF) रहेका छन् । (Bhattachan, 1997) यसैगरी नेपालकै सन्दर्भमा कुरा गर्दा आमा समूह, किर्तन मण्डली जस्ता संगठनहरु मौलिक तथा सामुदायिक संगठनका रुपमा रहेका छन् ।

माथिका विभिन्न अध्ययनहरुमा हेर्दा मौलिक तथा सामुदायिक संगठनहरुको विकासको प्रकृया, तिनको महत्वबारे अध्ययन अनुसन्धान गरिएको पाइन्छ तर समग्र विकास सेवा केन्द्र जस्तो गैरसरकारी संस्थाले ल्याएको अवधारणा ‘सामुदायिक परिवार’ जस्तो मौलिक तथा सामुदायिक संगठन प्रति खासै अध्ययन भएको पाइँदैन । त्यसर्थ यो नयाँ सामुदायिक संगठनले समुदायमा पारेको सामाजिक प्रभावलाई मैले मेरो यस अनुसन्धानमा विश्लेषण गरेको छु । सामुदायिक विकासका लागि सा.प. को प्रभावकारीता माथि मैले अध्ययन गरेको छु ।

नेपाली समाजमा परम्परागत मुल्य र मान्यतालाई आफ्नो जीवनशैलीमा त्यतिकै मान्यता र निरन्तरता दिने परिपाटी पनि एकातिर छ भने अर्कोतिर आधुनिकीकरणको नाममा पश्चिमी शैलीको नक्कल गर्नु पर्ने मान्यताका समर्थकहरु पनि छन् । यसलाई अझ स्पष्ट रुपमा डा. कृष्णबहादुर भट्टचनको भाषामा उल्लेख गर्न सकिन्छ ।

"If we have carefully looked at the social structure of the Nepalese society, we find various castes and ethnic froups living in different ages at the same time, for instance, Raute are living in the 'hunting-gathering stage', Chepang and Kusundas are living in the 'stone age', Dalits are living in the mediaval period, various indigenious people are living in various venturies; and some elites are living just like in the west (Bhattachan 1997:100)"

यसको अर्थ नेपाली समाज एउटै समयमा पनि धेरै विविधताबाट गुज्रिरहेको छ । विविधता भित्र असमानता पनि रहेको छ । नेपालका सन्दर्भमा समग्र देशको विकासको लागि ग्रामिण क्षेत्रको विकास हुनु अपरिहार्य रहन्छ ।

नेपालको सन्दर्भमा भने ८५ प्रतिशत (CBS,2002) नेपाली जनताहरु ग्रामिण क्षेत्रमा बसोबास गर्दछन् । सर्वप्रथम ग्रामिण क्षेत्रको विकास महत्वपूर्ण सवालको रुपमा अगाडी आउँछ । सन् १९५० देखि ७० को दशक सम्म अत्याधिक चर्चामा रहेको आर्थिक विकासको अवधारणाले मात्र विकासको वास्तविक यथार्थतालाई प्रतिनिधित्व गर्न सकेन फलस्वरुप समग्र विकासको प्रकृयामा आर्थिक विकास संगसंगै सामाजिक विकासको समायोजन पनि उत्तिकै महत्वपूर्ण अवधारणाको रुपमा १९८० को दशकमा विकास भएको हो । सामाजिक विकासले समाजमा रहेको सामाजिक सम्बन्ध र संरचनाको परिवर्तन तथा सुधारमा जोड दिन्छ जसले सामाजिक सदभाव, सहकार्य, लैङ्गिक समानता तथा जातीय विभेदको अन्त्य जस्ता पक्षहरुमा हुने सकारात्मक परिवर्तनलाई जोड दिन्छ । यसैगरी मेरो अध्ययन पनि सामाजिक विकास संग नै केन्द्रित रहेको छ । सामाजिक विकासका सम्बन्धमा T.K.N. Unnithan यसरी उल्लेख गर्छन् -

"Social development may be seen as a process of ushering in a new order of existence. The quality of life and the quality of social relations which exist would indicate the llevel of the order of existence."

डोरबहादुर विष्टले आफ्नो पुस्तक The People ofNepal (1980) मा केही अछुत जातिको बारेमा उल्लेख गरेका छन् जसमा उनले कार्यको आधारमा विभाजन गरी तराईका अछुतहरुको बारेमा पनि उल्लेख गरेका छन् । त्यसैगरी ज्ञानु क्षेत्रीले तयार पारेको सोधपत्र (१९८५) मा पहाडे दलित मानिने गाइने सम्बन्धि उल्लेख गरिएको छ । उनले यस दलितलाई गीत गाउने पेशा अँगालेको जाति हो भनी उल्लेख गरेका छन् ।

विभिन्न समुदायको जातीय अभिव्यक्ति र साझा मान्यताको तालमेलले राष्ट्र निर्माणको सम्भावनाको तथा गति निर्धारण गर्दछ । परम्परागत जातीयतामा दैविक मान्यताले सिंगारेको वर्ग विभाजन समूहको मियो थियो भने आधुनिक जातीयतामा सामाजिक न्याय र राजनैतिक समानताको अग्रता हुन्छ (Weiner 1992) ।

राष्ट्रियताको उठान केहि सांस्कृतिक आयामबाट हुन्छ तर मूल भावना राजैतिक अस्तित्व हो । जनसंख्या, भू-भाग र निसान जस्ता पहिचानका प्रतिकहरु जातीय सम्बन्धमा पनि पाइन्छन् । (Anderson 1991, cited by Gurung)

सशक्तिकरणका ठूला बाधकहरु मध्ये विपन्न आर्थिक जीवन एक हो राष्ट्रिय गरिबीको रेखामुनि ५९ प्रतिशत जनता रहेका (UNDP 1998)हाम्रो देशको वास्तविकतालाई हेर्दा आत्मनिर्भर आर्थिक जीवन शसक्तिकरणको गम्भिर पूर्व शर्तको रुपमा रहेको देखा पर्दछ ।

मरहट्टाले उनको अध्ययन (२००३) मा नेपालमा विकासका लागि विभिन्न भौगोलिक, राजनीतिक, सामाजिक, सांस्कृतिक समस्याहरु रहेको र सरकारी तथा गैरसरकारी तहबाट विकासका फरक फरक रणनीतिहरु अपनाउदै आएका छन् जसमध्ये सामुदायिक संगठनहरु मार्फत् ग्रामिण सामुदायिक विकास गर्न निर्मित संगठन आमा समूह (Mother's Group) एउटा रहेको छ । नेपालमा महिलाहरुको स्थिति कमजोर रहेको अझ शोषित पिडित पछाडी परेको परिस्थितिमा आमा समूहको अवधारणा आएको हो । जसको अध्ययन र विश्लेषण गर्दा अन्यत्र क्षेत्र भन्दा आमा समूह गठन भएको अध्ययन क्षेत्रमा महिलाको शैक्षिक, सामाजिक, आर्थिक अवस्था राम्रो भएको तथा समग्र समुदायमा नै सकारात्मक परिवर्तनहरु आएको भनी उल्लेख गरेका छन् ।

कुनै पनि समुदाय, क्षेत्र, राष्ट्रिय विकासका लागि एकता सद्भाव मेल अफ भन्दा संगठन र सांगठनिक एकताको अपरिहार्यता हुन्छ । हाम्रो देश नेपाल जस्तो अल्पविकसित तथा राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक संक्रमणबाट गुज्रीरहेको अवस्था, एउटा ठूलो जनआन्दोलन २०६२-६३ पछिको परिवर्तन नयाँ परिस्थितिलाई यहाँको राजनीतिक शान्ति र संविधान सहित सुरक्षित अवतरणको अभावले अराजकता, कमजोर सामाजिक सद्भाव, चोरी, ठगी, काटमार, अपहरण, सामाजिक मूल्य मान्यता ह्रास, अनुशासनहीनता, सामाजिक सत्रुता, बढ्दो एकलवादी अवधारणा जसले समुदाय राष्ट्रको विकासमा नै नकारात्मक प्रभाव पार्न सक्ने स्थितिको सिर्जना भइरहेको छ । यस्तो अवस्थामा हामी हाम्रो सामाजिक, राष्ट्रिय एकतामा खलबल भइरहेको देख्न सक्छौं । जसलाई समयमै सबै गाउँ, समुदाय, राष्ट्रिय तथा राजनैतिक सहमति सहकार्य र एकता ल्याई गाउँ, समुदाय तथा राष्ट्रिय अस्तित्वमा आउन सक्ने पहिरो बाट बच्नका लागि सचेत हुन आवश्यक छ । ( गुरुङ, २०६७ )

गुठी नेवारी समुदायको एउटा महत्वपूर्ण मौलिक संस्था हो, जसले आर्थिक तथा सामाजिक कार्यमा महत्वपूर्ण भूमिका खेल्दा गुठीको प्रकृतिलाई बुझ्ेर मात्र नेवारहरुको पहिचान राम्ररी गर्न सकिन्छ । गुठीमा विभिन्न जाति तथा उपजाति समाहित भएका हुन्छन् । विभिन्न व्यक्ति तथा उपजातिलाई गुठिले निश्चित सिमामा बाँधेको हुन्छ । (नेपाली, १९६५)

मिश्र (२०५५) मान्छे एक्लै बाच्न सक्दैन समूहमै मिलेर उत्पादन र उपभोग गर्ने गर्दछ, समूह भनेको नातागोता, छरछिमेक, वर्ग, राष्ट्र वृहत्तर समाज आदि हो । समूह वा संगठन मार्फत् नै व्यक्तिले बाच्नको लागि संघर्ष गर्दछ, कुनै पनि किसिमको सहकार्य गर्दछ । संगठन बिना भौतिक वा जैविक रुपले बाच्न सकिदैन न त मानसिक वा सांस्कृतिक बचाई र परिस्कार तथा विकास नै सम्भव छ । भट्टचन(२०५६:१८८) पहाडमा एउटा परिवारले जसोतसो प्राण जोगाउन पनि न्युनतम पाखोबारी २० रोपनी भन्दा कमले नपुग्ने स्थितिलाई हिसाब गर्दा गरिब किसान अर्थात् आफ्नो जमिन बाट जीवन धान्न नसक्ने दलितको संख्या ९० प्रतिशतभन्दा बढी हुनसक्छ । ( न्यौपाने२००७ : ३७१)

सामाजिक विकास र सामाजिक न्यायलाई कसैले एक अर्काको पूरकको रुपमा र कसैले दुई भिन्न विषयको रुपमा पनि लिएको पाइन्छ । सामाजिक विकास मूलतः सामाजिक

अग्रगमनको सन्दर्भमा के गर्ने भन्ने कुरामा बढी केन्द्रित रहेको पाइन्छ भने सामाजिक न्यायले कसका लागि गर्ने भन्ने विषयतर्फ ध्यान आकृष्ट गर्दछ ।

मार्क्सवादी व्याख्या अनुसार "मानव समाज परिवर्तनशील हुन्छ र यो परिवर्तन परिमाणात्मकबाट वृद्धि हुँदै गुणात्मक तरिकाले हुने गर्दछ । जुनसुकै वस्तुमा पनि अन्तरविरोध हुन्छ र त्यसभित्र रहेको अन्तरविरोधबाट नै त्यसको नास वा पतन हुन्छ । समाजमा सिमित श्रोत र साधन हुने गर्दछ जसमा पहुँच जमाउन दुई वर्गबिच द्वन्द्व रहेको हुन्छ ।"

मिश्र (२०६२:३८)-परिवर्तन र इतिहास सरल रुपले विध्न बाधा ठक्कर, कलह, वाह्य बिरोध र अन्तरविरोध बिना प्रभावित हुँदैन । व्यक्ति व्यक्ति देखि वर्ग र विश्व तहको धर्म सम्प्रदाय देखि विज्ञान सम्मको, विचार देखि व्यवहार सम्मको, शान्ति देखि युद्धसम्मको द्वन्द्व पार गर्दै परिवर्तन र इतिहासको निर्माण हुन्छ ।

एल कापलन (१९७०) ले बाहुन र लिम्बुहरुमा भएका छुट्टाछुट्टै सांस्कृतिक विशेषताका कारण साथै लिम्बूहरुले प्रयोग गर्दै आएको किपट भूमिमा बाहुनहरुले आधिपत्य जमाउँदै जाँदा द्वन्द्व भएको छ जुन द्वन्द्वलाई सामाजिक परिवर्तनको सूचकको रुपमा लिन सकिन्छ ।

लय उप्रेतीको (२०००) को लेखमा स्थानिय जनता संलग्न भई व्यवस्थापन गरेको सिंचाई कार्यक्रम सफल भएको देखाएका छन् । स्थानीय समुदायले व्यवस्थापन गर्दा त्यसमा आफ्नो भन्ने भावना विकास हुन्छ तथा समतामूलक तरिकाले स्रोतको बाँडफाँड हुन्छ । यसबाट पनि सामुदायिक एकता र सहकार्य समाज विकासको लागि अनिवार्य देखिन्छ ।

आहुती (२००७-४८७) राजा पृथ्वीनारायण शाहको नेतृत्वमा स्थापित हिन्दु धर्मीय खस जातीय अहंकारवादमा आधारित सामन्ती सत्ताले नेपालका सम्पूर्ण जाति जनजातीमाथि आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक शोषण र उत्पीडन सुरु गर्‍यो । दलितहरुको आर्थिक जीवन त यसै पनि कष्टकर छदै थियो, त्यसमाथि उनीहरु प्रतिको सामाजिक भेदभाव चर्को भयो । एउटा ब्राह्मण वा क्षेत्रीलाई भाउजुसंग यौन सम्बन्ध राखेमा जेल राखिन्थ्यो तर शुद्रलाई काटिन्थ्यो । शाहवंशीय सामन्ती शासनप्रणाली अन्तर्गत प्रधानमन्त्री भीमसेन थापा (वि.स.१८७३-९६)ले 'छुवाछुत'लाई अझ व्यवस्थित पार्ने कामलाई अघि बढाए

भने जंगबहादुर राणाले सत्ता हातमा लिएपछि वि.सं. १९१० मा मुलुकी ऐन जारी गरी पहिले देखि "अछुत" बनाइएका दलितहरुलाई पानी नचल्ने जातका रुपमा कानुनी छाप लगाइदिए र त्यही अनुसारको दण्ड सजायको व्यवस्था गरे ।

यसबाट के तथ्य थाहा पाउन सकिन्छ भने दलित र अन्य जातिभित्र रहेको सामाजिक सम्बन्ध बिचमा परिवर्तन पूर्ण रुपमा हुन नसके पनि परिवर्तनको सुरुवात यहाँबाट पनि हुन थालेको तथ्य थाहा पाउन सकिन्छ ।

आहुती (२००७ :४८८) सिराहा जिल्लाको लहानमा उच्च जातिको घरमा मरेको सिनु नफाल्ने निर्णयमा पुगेका चमार जातिबिरुद्ध उच्च जातिका मानिसहरुले २०५९ चैत ११ देखि सार्वजनिक सूचना जारी गरेर चमार (दलित) जातिलाई सामाजिक बहिस्कार गर्ने घोषणा गरे । त्यसपछि चमारहरुमाथि अरुको जग्गामा टेक्न नपाउने सार्वजनिक पोखरी, इनार र धारा प्रयोग गर्न नपाउने जस्ता बन्देज लगाएर जातीय आतंक श्रृजना गरे ।

२०४७ को परिवर्तन पश्चात २०४८ को आम निर्वाचनमा एकपल्ट एकजना दलित प्रतिनिधि सभामा निर्वाचित भए । त्यस बाहेक राजा र विभिन्न पार्टीबाट राष्ट्रिय सभामा आठजना  दलितहरु सांसद बनाइए । पञ्चायतले एकजना दलितलाई राज्यमन्त्री सम्म बनाएको थियो । (नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन पेज -४९०) यसबाट के अध्ययन गर्न सकिन्छ भने जातिय विभेद र दलित र गैह्र दलित बिचको सामाजिक सम्बन्धमा क्रमश परिवर्तन हुँदै जाने क्रम थोरै मात्रामा भए पनि देख्न सकिन्छ ।

समग्र बुलेटिन (२०६७) सामाजिक परिवारमा आबद्ध भएपछि सबै जातिका मानिसहरु एउटै धारामा पानी भर्ने गरेको, सबैजना एकै स्थानमा बैठक बस्ने गरेको, छोइछिटो जस्तो सामाजिक समस्या अन्त्य भएको, सशक्त रुपमा दलित र अन्य जातबिच बोल्नसक्ने भएको जस्ता थुप्रै सामाजिक परिवर्तनहरु हाम्रो सामु आज देख्न पाइन्छ जुन परिवर्तन समाजको सकारात्मक परिवर्तन तथा समुदायको विकास भएको मान्न सकिन्छ ।

समग्र बुलेटिन २०६७ मा उल्लेख भए अनुसार सबै सामाजिक परिवार 'एउटा सबैका लागि, सबै एउटाका लागि' भन्ने उद्देश्यका साथ कुनै समुदाय, गाविसका २० देखि ४० घरपरिवारका सबै सदस्य मिली खास मूल्य मान्यताहरुलाई पालन गर्दै संगठित भएका

हुन्छन् । जसमा धुम्रपान, मद्यपान, लैंगिक भेदभाव, बालबच्चादेखि बुढापाकासम्म हुने विभेद तथा समाजका मानिस प्रति हुने भेदभावलाई प्रतिबन्ध लगाइएको छ ।

पूर्वपश्चिम औसत ८८५ किमी लम्बाई र उत्तर दक्षिण औसत १९३ किमी चौडाईमा फैलिएको र भौगोलिक हिसाबमा हिमाल, पहाड र तराई गरी मुख्य तीन किसिमको भूमि रहेको नेपालमा सबैभन्दा बढी जनसंख्याको चाप तराईमा रहेको पाइन्छ । सन् २००१ को एक तथ्यांक अनुसार ३२.५ प्रतिशत भूभाग ओगटेको हिमाली क्षेत्रमा ५.६ प्रतिशत खेती योग्य जमीन रहेको र जम्मा जनसंख्याको ७.३ प्रतिशतमात्र मानिसको बसोबास रहेको छ । ४१.७ प्रतिशत भूभाग ओगटेको पहाडी क्षेत्रमा ३२.५ प्रतिशत खेती योग्य जमीन रहेको र ४४.३ प्रतिशत मानिसहरुको बसोबास रहेको छ । ६१.९ प्रतिशत खेती योग्य जमिन रहेको तराई भूभाग जम्मा २३.१ प्रतिशतमा फैलिएको छ । यहाँ सबैभन्दा धेरै ४८.४ प्रतिशत मानिसको बसोबास रहेको पाइन्छ । (सोपान मासिक २०६८ अंक ११)

संस्कृति राम्रा नराम्रा दुवैखाले सामूहिक चेतना र व्यवहारको समष्टिगत रुप हो । त्यसकारण यसभित्रका उपयोगिता गुमाइ सकेका कुरा हट्ने र नयाँ विषय समावेश हुने क्रमशः संस्कृतिले सापेक्ष परिमार्जन पाउँछ । संस्कृतिको व्यापक अर्थ र परिधिभित्र मूल्य र मान्यताहरु, चलन प्रथाहरु भाषा धारणाहरु, विश्वासहरु, रीतिरिवाजहरु (south comminssion 1992: 131) र सामाजिक जीवनका पक्षहरु समाहित छन् ।

आहूति (२००७ : ४७५) दक्षिण एसियामा रहेका हिन्दू धर्मीय वा हिन्दू धर्मद्वारा प्रभावित विभिन्न जातीय समूहहरुभित्र, रंग जाति, धर्म एउटै हुँदाहुँदै पनि संस्कृति र परम्परा एउटै हुँदा हुँदै पनि ती हरेक समुदायका दलितहरुबाट आफ्नै भूमिको दार्शनिक ज्ञानबाट बन्चित गरी आफ्नै भूमिको सभ्यता भोग्नबाट बन्चित राखियो, आफ्नै आस्थाको मन्दिर प्रवेशमा र धर्म र परम्पराका कयौं अनुष्ठानहरुमा बन्देज लगाइयो । समाजको सबैभन्दा फोहोर र सबैभन्दा कठिन पेशाहरु उनीहरुकै वंशमा थोपरियो । तर सबै अधिकारबाट भने सँधै बन्चित राखियो । संसारका थुप्रै परिवर्तनका हुरीहरु आए । तिनले थुप्रै उत्पीडित जातिहरूलाई मुक्त पार्दै गए तर, एक्काइसौं शताब्दी सम्मको मानव मुक्तिका सहयात्राले समेत दलित हरुलाई मुक्त र सम्मानित मानव जीवन दिन सकेन ।

दलितहरुभित्र पनि आन्तरिक विभेद छ । एउटा जातको मानिसले अर्को जातको मानिसलाई तल्लो जात भन्छन् । यसैसँग मिल्ने एउटा कथा के छ भने, ‘सर्पले भ्यागुतो

खाइरहेछ, तर भ्यागुतोले पनि लामखुट्टे खान छाड्दैन ।' यसबाट के बुभिन्छ भने, हाम्रो देशमा ठूला बडाले जे गर्छन्, त्यही नै सही हो, दलितहरुले पनि के सोचे भने अब हामीले पनि जातीय विभेद गर्नुपर्छ । त्यसैको दुष्परिणाम हो यो ।(नयाँ नेपालमा दलित, पेज-९८) यसरी सैद्धान्तिक रुपबाट नै विभेद विकास भइसकेको छ । यस्तै संस्कारको अन्त्य गर्न समाजमा लामो समय कुर्नु पर्दछ ।

हिन्दु वर्णाश्रम जाति व्यवस्था वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातजाती भनी जातीय भेदभाव एवं समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मिक रुपमा राज्यको मूल प्रवाहबाट पछाडी पारिएका समुदायलाई दलित वर्ग भनी परिभाषित गरिएको छ । (राष्ट्रिय दलित आयोग)

सन् १९५० को परिवर्तत संगै नेपालमा विकास प्रकृयाको थालनी भयो । कृषि क्षेत्रलाई आधुनिकीकरण गर्ने, व्यापारलाई भारत भन्दा बाहिरका मुलुकहरुमा पनि विस्तार गर्ने, राज्यको सक्रियतामा स्वास्थ्य र शिक्षा क्षेत्रको विस्तार गर्ने, मुलुकलाई औद्योगिकरणको दिशातर्फ अगाडी सार्न आफ्ना स्रोत र साधनहरु परिचालित गर्ने आदि कुराहरुले राज्यको भूमिकालाई विस्तार गरिदियो । (Bhattachan and Mishra 1997) नेपालको वर्ण व्यवस्थामा दलितहरु सबैभन्दा तल पारिएका छन् । अहिले पनि सरकार र धैरै विकासे तथा दातृ संस्थाहरुले उनीहरुलाई दलित भन्नुको सट्टामा पेशागत जाति, पिछडिएका, सिमान्तकृत, सुविधाविहिन जस्ता जलप लगाइएका शब्दहरुले सम्बोधन गर्ने गरेका छन् । प्रजातन्त्रले मानिसमा सामाजिक मान्यता परिवर्तन गर्न, बुद्धि र क्षमता हुन्छ भन्ने कुरा मानेको छ । तर एकथरी समाजशास्त्री के मान्छन् भने मानिस आफू बाँचेको परिवेशबाट निर्दिष्ट हुन्छ र ऊ यसका सीमा बाहिर जान सक्दैन । (छोटा नागरिक बडा नागरिक)

नेपाली बृहत शब्दकोषका अनुसार-जात भन्नाले वंशपरम्परा, धर्म, गुण, आकृति, वासस्थान आदिका आधारमा विभाजित मनुष्यको जाति वा वर्ग भन्ने बुझाउछ । सकारात्मक विभेद र आरक्षणबाट पनि अल्पसंख्यक र सीमान्तकृतलाई विशेष अधिकार दिन सकिनेछ । (कृष्ण भट्टचन, अन्नपूर्ण पोष्ट २२ चैत २०६६) यसबाट पनि के अनुमान गर्न सकिन्छ भने समाजमा दलित, जनजाति तथा ब्राह्मण बिचमा रहेको सामाजिक सम्बन्धलाई परिवर्तन गर्न विभिन्न उपायहरु जुन समाजमा नै प्रशस्त रहेको कुरा प्रष्ट हुन्छ ।

शरद वसन्त (२००७) सामाजिक तथा आर्थिक सम्बन्धको जगमा राज्यको निर्माण हुन्छ यस भनाइकै आधारमा समाज विश्लेषण गर्ने हो भने पनि राज्य निर्माणको लागि सामाजिक सम्बन्ध बलियो र पारस्परिक हुनुपर्दछ ।

# अध्याय - तीन

## अनुसन्धान विधिहरु (Research Methods)

## ३.१ पृष्ठभूमि

यस अध्यायमा अनुसन्धान गर्ने क्रममा अपनाइएका तथा प्रयोग गरिएका विभिन्न विधि, तरिका आदिको बारेको उल्लेख गरिएको छ । यस अध्यायले अध्ययन क्षेत्रको छनौट, अनुसन्धान ढाँचा, नमूना छनौट, तथ्याङ्क संकलन विधि र अध्ययनको सीमालाई समेटेको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट

पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने सगरमाथा अञ्चलको सिराहा जिल्ला अन्तर्गत पर्ने गोविन्दपुर गाउँ विकास समिति र सितापुर गाउँ विकास समिति मैले छनौट गरेको अध्ययन क्षेत्र हो । यी गा.वि.स.हरुमा धेरै जात जातिका मानिसहरुको बसोबास रहेको पाइन्छ । गोविन्दपुर गा.वि.स. महेन्द्र राजमार्गबाट लगभग ७ किलोमिटर उत्तरमा पर्दछ भने सितापुर गा.वि.स. महेन्द्र राजमार्गबाट ५ किलोमिटर दक्षिणतर्फ पर्दछ ।

मेरो अध्ययनको विषय गैह्र सरकारी संस्था समग्र विकास सेवा केन्द्रसंग सम्बन्धित रहेको छ । यही समग्र विकास सेवा केन्द्रले ल्याएको नयाँ अवधारणा सामाजिक परिवारको गठन भएका गा.वि.स.हरु लाई छनौट गर्नुपर्ने भएका कारण मेरो अध्ययन क्षेत्र यी दुइवटा गा.वि.स. अन्तर्गत विभिन्न वडाहरु रहेका छन् । मेरो अध्ययन क्षेत्र यी दुई वटा गा.वि.स. बनाइनुका निम्न कारणहरु रहेका छन् ।

- मैले सामुदायिक संगठनमा रहेको एकता तथा त्यसले समुदायका मानिसहरुको सामाजिक सम्बन्धमा पारेको प्रभावलाई हेर्न खोजेको र यस क्षेत्रमा विभिन्न जातजाति, जनजाति, रहेको हुँदा सामाजिक सम्बन्धका बारेमा बढी जानकारी हुने हुँदा उक्त अध्ययन क्षेत्रहरु छनौट गरिएको छ ।
- यस सिरहा जिल्ला अन्तर्गत पर्ने गोविन्दपुर र सितापुर गा.वि.स. मा बसोबास गर्ने जातजातिको बारेमा अनुसन्धान न्युन रहेको हुँदा ।

) सामाजिक परिवारको अवधारणा यी गा.वि.स. हरुमा लागु गरिएको हुँदा ।

## ३.३ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान आफैमा महत्वपूर्ण र जटिल कार्य हो । अनुसन्धानले कुनै पनि विषय वा समस्यको बारेमा विस्तृत जानकारी गराई निश्चित निष्कर्षमा पुग्न मदत गर्दछ । यस अनुसन्धान कार्यमा मुख्य गरी वर्णनात्मक तथा विश्लेषणात्मक पद्धति अवलम्बन गरिएको छ । वर्णनात्मक तरिकाबाट अध्ययन क्षेत्रमा सामाजिक परिवारको गठन प्रकृया र त्यसको सामाजिक पक्षमा के प्रभाव छ भन्ने कुराको व्याख्या गरिएको छ भने सामाजिक सदभाव, मेलमिलाप, ल्याउन उक्त समुदायमा के कस्ता कारक तत्वहरु बढी जिम्मेवार रहेका छन् भन्ने कुराको विश्लेषण गरिएको छ । साथै समुदायमा बसोबास गर्ने दलित र अन्य जाति बिचको सम्बन्धमा भएको परिवर्तनको पनि विश्लेषण गरिएको छ ।

## ३.४ नमूना छनौट प्रकृया

मेरो अध्ययन क्षेत्र गोविन्दपुर गा.वि.स. को वार्ड नं. ३, ५ र सितापुर गा.वि.स. वार्ड नं. ७ रहेको छ । जसमा गा.वि.स.मा भएका घरधुरीबाट नमुना छनौट नभई त्यस गा.वि.स. वार्डमा गठन भएको सामाजिक परिवार भित्र आबद्ध सदस्य संख्याहरुबाट नमुना छनौट गरिएको छ । जसमा जनजाति, दलित तथा क्षेत्रीहरुको सहभागिता रहेको छ । यसमा सामाजिक परिवारले समुदाय तथा त्यहाँका जनताहरु बिच सामाजिक सम्बन्धमा पारेको प्रभावलाई हेर्न जम्मा ५० जना सदस्यलाई homogenious group मानी Non probability sampling को प्रयोग गरी जम्मा ३० जना लाई सूचना स्रोतको रुपमा लिएको छु भने तीनवटा सामाजिक परिवारका अध्यक्ष, सचिव, सदस्य गरी जम्मा ९, प्रत्येक गा.वि.स. का गा.वि.स. सचिव २ जना, कार्यक्रम सहयोगी २ जना र एकजना सामाजिक परिवारका स्वयंसेवक गरी जम्मा १४ जनालाई मुख्य सूचनाश्रोतको रुपमा लिएको छु । जसमा दलित तथा अन्य जातभित्रका व्यक्तिहरु समेत समावेश भएका छन् ।

## ३.५ सूचनाको प्रकृति र स्रोत

यो अनुसन्धान कार्य पुरा गर्नका लागि गुणात्मक तथा संख्यात्मक दुवै प्रकारका तथ्याङ्क हरुलाई प्रयोग गरिएको छ । त्यस्तै गरी यस अनुसन्धान कार्यमा प्राथमिक र द्वितीय स्रोत बाट सूचना लिइएको छ । जसमा प्राथमिक सूचनाहरु प्राप्त गर्ने स्रोतहरुमा अन्तर्वार्ता, प्रश्नावली, सामुहिक छलफल रहेका छन् भने द्वितीय स्रोतहरुमा विभिन्न पाठ्यपुस्तक, पत्र

पत्रिकाहरु, गा.वि.स. तथा जि.वि.स. बाट प्रकाशित तथ्याङ्क तथा समग्र विकास सेवा केन्द्रद्वारा प्रकाशित पत्र पत्रिका, लेख रचना, समाचार आदि रहेका छन् ।

## ३.६ सूचना संकलनको तरिका

यो अनुसन्धान कार्य पुरा गर्न क्रममा निम्न तथ्याङ्क संकलन तरिका प्रयोग गरिएको छ ।

### ३.६.१ प्रश्नावली

सामुदायिक संगठन (सा.प.) का विभिन्न पक्ष वा सामुदायिक एकता तथा समुदायका मानिसहरुको सामाजिक सम्बन्धका बारेमा जानकारी प्राप्त गर्न विभिन्न प्रश्नावलीहरु तयार गरिएको छ । जसमा विशेष गरी सामाजिक परिवारले सामाजिक सम्बन्ध परिवर्तनमा पारेको प्रभावको सम्बन्धमा जानकारी प्राप्त गरिएको छ । व्यक्तिगत तथा सामुहिक अन्तरवार्ताका लागि खुल्ल प्रश्नावली प्रयोग गरिएको छ ।

### ३.६.२ अन्तरवार्ता

अनुसन्धानलाई उद्देश्यमूलक तथा यथार्थपूर्ण बनाउन सही सूचना प्राप्त गर्नका निम्ति अन्तरवार्ताको पनि प्रयोग गरिएको थियो । जसमा संरचित र असंरचित प्रश्नावलीबाट सूचना संकलन गरिएको छ । सा.प. मा रहेका फरक फरक जातिहरु ब्राह्मण क्षेत्रीबाट तीन जना, दलितबाट दुई जना र जनजातिबाट दुई जना गरी जम्मा सात जना तथा अन्य १४ जना तीनवटा सामाजिक परिवारका अक्ष्यक्ष, सचिव, सदस्य गरी जम्मा ९ जना गा.वि.स. सचिव २ जना, कार्यक्रम सहयोगी २ जना  र स्वयंसेवक १ जनालाई मुख्य सूचना स्रोतको रुपमा अन्तरवार्ता लिई आवश्यक सूचना संकलन यस अनुसन्धानमा गरेको छु ।

### ३.६.३ सामूहिक छलफल

मेरो अध्ययन क्षेत्रका सदस्य सामाजिक परिवारका विभिन्न पदाधिकारीहरु एक ठाऊँमा भेला गराई तथा समूहगत छलफल सिरहा जिल्ला गोविन्दपुर गा.वि.स. वार्ड नं. ५ मनहिक दह र सितापुर गा.वि.स. वार्ड नं. ७ मा जम्मा गरी सामाजिक परिवारका सदस्यहरु तथा अन्य व्यक्तिहरुसंग छलफल गरी त्यस समुदायमा भएको सामाजिक परिवर्तन र सामाजिक एकता मा सा.प. को भूमिकाको बारेमा छलफल गरिएको थियो । जसबाट आवश्यक सूचना प्राप्त गरिएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या विश्लेषण

अध्ययन अनुसन्धानको पूर्णता संकलन गरिएका सूचना हरुको सही विश्लेषण, व्याख्या र प्रस्तुतिकरणमा भर पर्दछ । यो अनुसन्धान कार्य पुरा गर्ने क्रममा तथ्याङ्क संकलन विधि अन्तरवार्ता, प्रश्नावली, सामुहिक छलफलबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी गुणात्मक एवं संख्यात्मक ढाँचाको प्रयोग गरी तथ्याङ्कलाई अन्तिम रुप दिइएको छ ।

## ३.८ अनुसन्धान प्रकृया र अनुभव

मैले यो सोधपत्रका लागि आवश्यक सूचना र तथ्याङ्कहरु संकलनका लागि छनौट गरिएको अध्ययन क्षेत्र सिरहा जिल्ला गोविन्दपुर र सितापुर गाविस अन्तर्गत सामाजिक परिवार गठन भएको क्षेत्रमा आफै सहभागी भई सामाजिक परिवारका सदस्यहरुसंग प्रश्नावली सामूहिक छलफल तथा अन्तरवार्ताबाट सूचना संकलन गरेको छु । अनुसन्धानका क्रममा अनुसन्धान क्षेत्रमा म पहिलोपटक गएको साथै त्यस क्षेत्रका जनताहरुको भाषा, सामाजिक व्यवहार बारे पूर्ण परिचित नभएको अवस्थामा अध्ययन क्षेत्रमा भाषाको समस्या तथा अन्य आइपर्ने समस्याहरुको समाधान गर्दै उक्त समुदायसंग घुलमिल भई मलाई लामो समय सम्म सूचना संकलनका लागि सामाजिक परिवार सञ्चालनका लागि लामो समयदेखि सहयोग गर्दै आउनुभएका कार्यक्रम सहयोगी श्री चन्द्रदेव राम को सहयोगबाट अध्ययन क्षेत्रबाट आवश्यक सूचना र अनुभव संकलन गरेको थिएँ ।

मेरो अध्ययन क्षेत्र विकासको दृष्टिकोणबाट विकासशिल अवस्थामा रहेको गा.वि.स. रहेको छ । सांस्कृतिक हिसाबले परम्परागत रहेकोले त्यस गा.वि.स. का मानिसहरु विशेष गरी महिलाहरु आफ्नो श्रीमान्को नाम उल्लेख गर्न धेरै कठिनाई मानेका थिए । तर यस समस्यामा पनि मेरो सहयोगी चन्द्रदेव राम ले सहयोग गर्नु भएको थियो । अध्ययन क्षेत्रका मानिसहरुको मुख्य पेशा कृषि भएकोले गर्दा सबै सदस्यहरु संग भेट हुने समय मिलाई त्यस समुदायका जनताहरु बिचमा रहेको सामाजिक सम्बन्धको परिवर्तनका बारेमा नजिकबाट प्रत्यक्ष बुझ्ने र अनुभव गर्ने मौका मिलाउने कार्य मेरा सहयोगी चन्द्रदेव राम र शिवदेव सदा ले गर्नु भएको थियो ।

## ३.९ अध्ययनको सीमा

कुनै पनि अध्ययनको निश्चित सीमा र परिधी रहेको हुन्छ । अध्ययन क्षेत्रलाई एउटा निश्चित सीमा भित्र राख्न सकिएमा मात्र अध्ययन कार्य सरल र सहज हुन्छ । अध्ययन क्षेत्र सिरहा जिल्लाका सम्पूर्ण गा.वि.स.का सामाजिक परिवारलाई लिएर अध्ययन पुरा गर्दा मेरो निष्कर्ष विश्वसनीय हुने भए पनि सिमित आर्थिक स्रोत र छोटो समय अवधि भएकोले

सिरहा जिल्लाका दुइवटा गा.वि.स. अन्तर्गत जम्मा ३ वटा सा.प. मा र यही सा.प. गठन भएका क्षेत्रका जनतासंग मात्र मेरो अध्ययन सिमित रहेको छ । मैले अध्ययन गर्न खोजेको सामुदायिक संगठनले ल्याएको सामुदायिक एकता र त्यसले समुदायका मानिसहरुको सामाजिक सम्बन्धमा पारेको प्रभावलाई अध्ययन गर्न मैले सम्पूर्ण सदस्यहरु भन्दा त्यहाँ रहेको सामुदायिक संगठन “सामाजिक परिवार”भित्रका सदस्यहरु जसमा भिन्न भिन्न जातका मानिसहरुबाट नमूना छनौट गरी अध्ययन कार्य सम्पन्न गरेको छु । यस अध्ययनमा अध्ययन क्षेत्रको समुदायका मानिसहरु बिच सम्बन्ध मेलमिलाप र सहयोग मा सामाजिक परिवारले पारेको प्रभावलाई अध्ययन गरिएको छ ।

# अध्याय - चार

## अध्ययन क्षेत्रको परिचय(**Introduction of the study area)**

## ४.१ अध्ययन क्षेत्र (**Study Area**)

यस अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक अवस्था, हावापानी, जनजीवन र प्राकृतिक अवस्थाको बारेमा व्याख्या विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रको जिल्लाको समेत सामान्य परिचय दिने प्रयास गरिएको छ । नेपाललाई भू-धरातलीय आधारमा हिमाली, पहाडी र तराई प्रदेश गरी तीन भागमा विभाजन गरिएको छ । यही भौगोलिक विभाजनका आधारमा जात, जातिहरुको बसोबास, हावापानी, धरातल, उत्पादन र समुदायको संस्कृतिमा समेत फरक रहेको पाइन्छ । यस अध्ययन क्षेत्रको केन्द्रबिन्दु सिरहा जिल्लाको महेन्द्र राजमार्गबाट ७ किलोमिटर उत्तर पर्ने गोविन्दपुर गा.वि.स. र ५ किलोमिटर दक्षिणमा अवस्थित सितापुर गा.वि.स. रहेका छन् ।

### ४.१.१ सिरहा जिल्लाको परिचय

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने सगरमाथा अञ्चल भित्र पर्ने जिल्ला हो । सिरहा जिल्लाको पूर्वमा सप्तरी, पश्चिममा धनुषा, उत्तरमा उदयपुर र दक्षिणमा भारत रहेको छ । सिरहा जिल्लामा २ नगरपालिका र १०६ गाउँ विकास समिति रहेकाछन् भने जम्मा ६ वटा निर्वाचन क्षेत्रहरु रहेका छन् । यस जिल्लाको जम्मा जनसंख्या ५७२,३९९ रहेको छ । यसमा पुरुषको संख्या कुल २३९,९३३ रहेको छ भने महिलाको संख्या २७८,४६६ रहेको छ । यस जिल्लामा जनसंख्या जनघनत्व per sq km मा ४८२ रहेको छ ।(स्रोत- रा.ज.ग.२०५८)

### ४.१.२ गोविन्दपुर गाउँ विकास समितिको परिचय

सिरहा जिल्लाका १०६ वटा गा.वि.स.हरुमध्ये गोविन्दपुर गाविस पनि एक हो । यो गा.वि.स.को पूर्वमा सप्तरी जिल्ला, पश्चिममा दोधाना गा.वि.स. पर्दछ भने दक्षिणतर्फ लहान नगरपालिका रहेको छ । यस गा.वि.स. मा जम्मा घरधुरी संख्या १,१९९ रहेका छन् भने जम्मा जनसंख्या ७,९३० रहेको छ । जसमा पुरुषको संख्या ३,५२१ रहेको छ भने

महिलाको संख्या ३,४०९ रहेको छ । यहाँका अधिकांश मानिसहरुको पेशा कृषि तथा पशुपालन हो । अन्य सहायक पेशामा व्यापार, मजदुरी पनि रहेको छ । यस गाविसको मुख्य कृषि उत्पादनहरुमा आँप, धान, गहुँ, मौसम अनुसारको कोषेबालीहरु जस्तै मुसुरी, खेसरी दाल रहेको छ । कृषि पेशा बाहेक यस गाउँका मानिसहरु गोरु गाडामा सामान ओसारपसार गर्ने कार्यमा पनि निर्भर रहेको जानकारी स्थलगत अध्ययनबाट पत्ता लगाइएको छ ।

यस गाविसमा खानेपानीको समस्या मुख्य समस्याको रुपमा रहेको छ । यस गाउँमा सिंचाई सुविधाको अभावले गर्दा कृषि कार्यमा पनि समस्या रहेको छ । यस गाउँको दक्षिणी भागतिर मधेषी दलित समुदायको बसोबास बढी रहेको छ भने उत्तरी भागमा पहाडे दलित, ब्राह्मण, क्षेत्री समुदायको बसोबास रहेको छ ।

## ४.१.३ गोविन्दपुर गाविसमा जातिगत बनावट

**तालिका नं. १**

| सि.नं. | जाति समूह | जनसंख्या प्रतिशत |
|---|---|---|
| १. | बाहुन | ३.५ |
| २. | क्षेत्री | ५.० |
| ३. | दलित(मधेसी) | ४९.० |
| ४. | दलित(पहाडे) | ३५.० |
| ५. | जनजाति | ४.५ |
| ६. | अन्य | ३.५ |
| जम्मा | | १०० |

स्रोत : स्थलगत अध्ययनः २०६८

तालिका नं. १ लाई हेर्दा गोविन्दपुर गाविसमा विभिन्न जातजातिहरुको बसोबास रहे पनि सबैभन्दा बढी जनसंख्या मधेसी दलितहरुको (४९.५ प्रतिशत) रहेको छ । त्यसपछि पहाडे दलित जुन ३५.० प्रतिशत रहेको छ । त्यसपछि क्रमशः क्षेत्री, बाहुन र अन्य जनसंख्या रहेको छ ।

## ४.१.४ गोविन्दपुर गाविसको शैक्षिक अवस्था

गोविन्दपुर गाविस को शैक्षिक अवस्थालाई हेर्दा ३५.७५ प्रतिशत जनसंख्या शिक्षित छन् जुन राष्ट्रिय प्रतिशत भन्दा कम रहेको छ । यस गोविन्दपुर गाविस मा जागिगत

हिसाबले हेर्दा दलितको संख्या त्यसमा पनि मधेसी दलित बढी छन् । शिक्षाको अवस्था पनि दलितकै न्युन रहेको छ । पछिल्लो समयमा विभिन्न सरकारी तथा अन्य जातिबिचमा रहेको सामाजिक सम्बन्धमा भएको परिवर्तनका कारण शिक्षामा गरेको लगानीले शिक्षाको स्थितिमा सकारात्मक वृद्धि र विकास भएको छ ।

## ४.२ सितापुर गाविस

सिरहा जिल्ला अन्तर्गत पर्ने लहान नगरपालिका बाट दक्षिण्मा पर्ने सितापुर गाविस को पूर्वमा गडा गाविस, पश्चिममा महेशपुर, दक्षिणमा पत्तारी गाविस र उत्तरमा सिसुवनी गाविस रहेका छन् । यस गाविसको जम्मा घरधुरी संख्या ९४१ गरेको छ भने जम्मा जनसंख्या ५,१४६ रहेको छ । यस गाविस मा पुरुषको संख्या २,६५७ छ भने महिलाको संख्या २,४८९ रहेको छ । यस गाविस मा धैरै जनसंख्या मधेसी दलित रहेका छन् साथै पहाडे दलित र अन्य जातजातिको बसोबास पनि यस गाविसमा रहेको छ । अन्य जातिहरुमा क्षेत्री, भूजेल, राई र  मगर रहेका छन् । यस सितापुर गाविसका मानिसहरुको मुख्य पेशा कृषि रहेको छ । अन्य सहायक पेशाहरुमा पशुपालन, व्यापार, व्यवसाय पनि रहेको छ । यस क्षेत्रका मुख्य कृषि उत्पादनहरु धान, गहुँ, मकै, तोरी तथा प्याज रहेका छन् । यस गाविसमा खानेपानी को सुविधा उपलब्ध भएपनि मौसम अनुसार कृषि कार्यका लागि प्रशस्त सिंचाइको व्यवस्था उपलब्ध छैन । (स्थलगत अध्ययन: २०६८)

यस गाविसको सामाजिक तथा आर्थिक सुधारका लागि मुख्य गरी ग्रामीण समुदायमा विकास गर्ने संस्थाहरु R.R.N. र समग्र विकास सेवा केन्द्र जस्ता संस्थाहरुले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेका छन् । जिल्ला सदरमुकामबाट नजिकै रहेपनि गाविसका अधिकांश जनताहरु अशिक्षा र बेरोजगार कै स्थितिमा रहेका छन् । शिक्षा र चेतनाको कमीका कारण परम्परागत कृषि प्रणाली अवलम्बन गर्न यहाँका मानिसहरु वाध्य रहेका छन् । यस सितापुर गाविस मा विभिन्न जातजातिहरुको सभिश्रण भएको पाइन्छ । सबै जातजाति र जनजातिबिच सामाजिक सम्बन्धमा विकास भएको छ । एक आपसमा सर सहयोग आपतविपत परेका समयमा सहयोग गर्ने, जातिय विभेद नगर्ने सांस्कृतिक परम्पराको विकास यस गाउँमा भएको पाउन सकिन्छ ।

भौगोलिक रुपले दक्षिण भाग केही समथर भएका कारण खेत बारीमा पानीको मात्रा धैरै भई आशा गरे जति उब्जाऊ नहुने हुँदा यस गाविसमा बाह्रै महिना खान पुग्ने

मानिसको संख्या ४० प्रतिशत भन्दा माथि छैन । आफ्नो खेतीले ६ महिनासम्म खान नपुग्ने मानिसको संख्या ६० प्रतिशत भन्दा माथि छ । (स्थलगत अध्ययन:२०६८)

## ४.२.१ सितापुर गाविसमा जातिगत बनावट

यस गाविसमा बहुसांस्कृतिक तथा बहु जातजाति रहेको छ । जसमा विभिन्न जातजाति मिलेर बसोबास गर्दै आइरहेका छन् । सितापुर गाविस मा रहेको जातिगत संरचना यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. २**

**सितापुर गाविसमा जातिगत बनावट**

| सि.नं. | जाति समूह | जनसंख्या प्रतिशत |
|---|---|---|
| १. | बाहुन | १.०० |
| २. | क्षेत्री | २.५ |
| ३. | दलित(मधेसी) | ५०.० |
| ४ | दलित(पहाडे) | ३४.० |
| ५. | जनजाति | १०.० |
| ६. | अन्य | २.५ |
| जम्मा | | १०० |

स्रोतः स्थलगत अध्ययन

माथिको तालिका लाई हेर्दा सितापुर गाविसमा विभिन्न जातजातिहरुको बसोबास रहेपनि सबैभन्दा बढी जनसंख्या मधेसी दलित त्यसपछि क्रमशः पहाडे दलित, जनजाति, अन्य, क्षेत्री र ब्राह्मण रहेको छ ।

# अध्याय - पाँच

# समग्र विकास सेवा केन्द्र र ग्रामिण समुदायबिचको सम्बन्ध

## ५.१ समग्र विकास सेवा केन्द्रको परिचय

नेपाली समाजको ग्रामिण समुदायमा रहेको रुढीवादी परम्परा, कुसंस्कार, जातीय विभेद, लैङ्गिक शोषण जस्ता समस्याहरुको अन्त्य गर्दै ग्रामिण क्षेत्रमा उपलब्ध स्रोत साधनहरुको प्रयोग गरी गरिब र विपन्न समुदायको आर्थिक, शैक्षिक तथा सामाजिक स्तर माथि उठाउने उद्देश्य अनुरुप संगठित रुपले स्थापना भएको एउटा गैह्र सरकारी संस्था समग्र विकास सेवा केन्द्र हो । समग्र विकास सेवा केन्द्रलाई सहयोग गर्ने अथवा समग्र विकास सेवा केन्द्र संगसंगै हातेमालो गर्ने अन्य गैह्र सरकारी संस्थाहरु G.T.Z., Action Aid Nepal. USC Canada, INFRINI, Danida HUGOU, DDC Dhading, Lamjung District Veterinary Office जस्ता संस्थाहरु रहेका छन् । (Power to the People 2007) समग्र विकास सेवा केन्द्र वि.स. २०५३ बैसाख २८ मा गैरसरकारी संस्थाको रुपमा दर्ता भएको हो । यसले विभिन्न जिल्लाको समुदायहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । समग्र विकास सेवा केन्द्रको मुख्य कार्यलय काठमाण्डौ चावहिलमा रहेको छ । यही कार्यलयकै नियन्त्रण र निर्देशनमा विभिन्न जिल्लाहरुमा क्षेत्रिय कार्यलयहरु स्थापना गरी ग्रामीण समुदायमा विकासमूलक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । देशका विभिन्न जिल्लाहरुमा गठन भएका सामाजिक परिवारहरुको विवरण निम्न तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं.३**

**सन् १९९६ देखि २००७ सम्ममा गठन गरिएका विभिन्न सामाजिक परिवारहरुको संख्या**

| जिल्ला | सा.प.संख्या | पुरुष सदस्य | महिला सदस्य | जम्मा सदस्य |
|---|---|---|---|---|
| गोरखा | २६ | २३९ | ५९७ | ७३६ |
| लमजुङ | २५ | २४१ | ४५० | ६९१ |
| धादिङ | २७ | २५१ | ३८९ | ६४० |
| तनहुँ | ० | ० | ० | ० |
| सिरहा | ४९ | ५७८ | ५३४ | ११११२ |

| | | | | |
|---|---|---|---|---|
| सप्तरी | ५७ | ७५२ | ७७५ | १५२७ |
| उदयपुर | १८ | १७४ | २४५ | ४१९ |
| संखुवासभा | ० | ० | ० | ० |
| भोजपुर | १२२ | १८०९ | १०६३ | २८७२ |
| जुम्ला | ० | ० | ० | ० |
| जम्मा | ३२४ | ३९४४ | ४०५३ | ७९९७ |

स्रोतः SAMAGRA PROJECT REPORT-2007

माथिको तालिकालाई अध्ययन गर्दा सामाजिक परिवार गठन भएका जिल्लाहरुमा सबैभन्दा सामाजिक परिवार रहेको जिल्ला भोजपुर रहेको छ । जहाँ जम्मा १२२ वटा सामाजिक परिवारको गठन भएको छ । त्यसैगरी सबैभन्दा कम सामाजिक परिवारको गठन भएको जिल्ला उदयपुर रहेको छ । जहाँ जम्मा १८ वटा मात्रै सामाजिक परिवारको गठन भएको छ भने तनहुँ, संखुवासभा र जुम्लामा सामाजिक परिवारको गठन भएको छैन । त्यसैगरी सामाजिक परिवारको संख्या कम भएको जिल्ला उदयपुरमा जम्मा सदस्य संख्या ४१९ रहेको छ । जसमा पुरुषको संख्या १७४ छ भने महिलाको संख्या २४५६ रहेको छ । जम्मा सामाजिक परिवारको संख्या ३२४ रहेको छ । जसमा जम्मा सदस्य संख्या ७९९७ रहेको छ । जसमध्ये पुरुषको संख्या ३९४४ रहेको छ भने महिलाको संख्या ४०५३ रहेको छ । यहाँ पुरुषको भन्दा महिला सहभागिता संख्या १०९ ले बढी छ ।

बढ्दो जातीय, वर्गीय, लैङ्गिक द्वन्द्व तथा दलित आदिवासी जनजाति मधेसी तथा अन्य वहिष्कृत, सिमान्कृत समुदायलाई शशक्तिकरण गर्ने तथा ग्रामीण क्षेत्रमा रहेका भौतिक निर्माणहरुको सुरक्षा र सम्वर्द्धन गर्न आजको समाजमा समग्र विकास सेवा केन्द्र जस्तो गैह्र सरकारी संस्थाको आवश्यकता बढेको देखिन्छ ।

## ५.२ सामाजिक परिवार

समग्र विकास सेवा केन्द्रको वि.स. २०५३ देखि ल्याएको अवधारणा हो 'सामाजिक परिवार'। सामाजिक परिवार भनेको एउटै समुदायमा बस्ने विभिन्न जातजाति, धर्म, लिङ्गका मानिसहरुले जातीय विभेद, लैङ्गिक भेदभाव अन्त्य गर्दै समुदायको सामाजिक सुधार, आर्थिक विकासका लागि एउटै उद्देश्य लिई संगठित भई गठन गरिएको औपचारिक संगठन नै सामाजिक परिवार हो ।

सामाजिक परिवारले कुनै पनि समुदायमा पर्ने दैविक विपत्ति, प्राकृतिक प्रकोपको समयमा तत्काल सेवा प्रदान गर्ने लक्ष्य राखेको हुन्छ भने तथ्यको जानकारी अध्ययन क्षेत्रका सामाजिक परिवारका सदस्यहरुको धारणाबाट पनि स्पष्ट हुन सकिन्छ । सामाजिक परिवारले सुशासन तथा प्रजातान्त्रिक अभ्यास सहित मानव अधिकार संरक्षण, प्रवर्धन गर्न, दिगो शान्ति स्थापना गर्ने गतिविधिमा लाग्ने अवस्था मिलाउन पनि सामाजिक परिवारले मुख्य भूमिका निर्वाह गरेको हुन्छ ।

## ५.३ सामाजिक परिवारको उद्देश्य

अध्ययन क्षेत्रको समग्र विकास सेवा केन्द्रमा गठन गरेको 'सामाजिक परिवार' मा आबद्ध सदस्यहरु तपाईको समुदायमा सामाजिक परिवारले के फाइदा पुऱ्याएको छ ? किन तपाई सामाजिक परिवारको सदस्य बन्नुभयो ? सामाजिक परिवारले तपाईलाई के सुविधा प्रदान गरेको छ ? भन्ने प्रश्नहरुको आधारमा सामाजिक परिवारका सदस्यहरुको उत्तरलाई विश्लेषण गर्दा सामाजिक परिवारको उद्देश्यहरु निम्नानुसार रहेको छ भनेर व्याख्या गर्न सकिन्छ ।

क) समुदायमा बसोबास गर्ने सबै जातजाती बिचको सम्बन्धमा सुधार गर्दै समाजविकास गर्ने,

ख) समाजमा आइपर्ने समस्याहरु समुदायकै सदस्यहरुबाट समाधान गर्ने उद्देश्य सामाजिक परिवारको रहेको छ ।

ग) समुदायमा निर्माण हुने धारा, बाटो, पुल जस्ता विकास कार्यक्रमहरुलाई सहज र सरल बनाउनका निम्ति नै सामाजिक परिवारको गठन गरिएको हो भन्ने जानकारी स्थलगत अध्ययन बाट प्राप्त भएको छ ।

घ) आर्थिक वृद्धिका लागि तालिम प्राप्त गरी व्यवसायमूलक कृषि कार्यमा जनतालाई सहभागी गराउने  उद्देश्य पनि सामाजिक परिवारको रहेको छ ।

## ५.४ सामाजिक परिवारले समुदायका जातजाति बिचको सम्बन्धमा पारेको प्रभाव

सितापुर गाविस अन्तर्गत पर्ने सामाजिक परिवारका सदस्य सुरत लाल दास भन्नुहुन्छ-'पहिले पहिले त हाम्रो गाउँमा जातीय भेदभाव धेरै थियो, हामी दलित दलित बिचमा पनि धारमा पानी भर्ने क्रममा पहिला उच्च जातको पालो आउँथ्यो । विवाह, भोज तथा सार्वजनिक स्थलमा पनि बस्ने खाने स्थात जात अनुसार फरक फरक हुन्थ्यो । तर आज सा.प. गठन भइसकेपछि हामी सबै एकै ठाउँमा बैठक बस्छौं । पानीको धारामा तथा

सार्वजनिक स्थलमा देखि लिएर व्यक्तिगत जीवनमा पनि सम्बन्ध राम्रो हुँदै गएको छ । यसप्रकारको परिवर्तन हाम्रो गाउँमा सा.प. गठनपछि अनुभव गरिएको छ ।’ सामाजिक सम्बधमा परिवतन भन्नाले सामाजिक संरचना वा ढाँचा, एकाई, सम्बन्ध, अन्तरक्रिया आदिमा आउने परिवर्तन हो । समयको परिवर्तसंगै समाज एक स्वरुपबाट अर्को स्वरुपमा परिवर्तन भएको छ । आदिम(कृषि समाज) देखि अहिलेसम्मको समाजलाई हेर्दा प्रत्येक समाजको संगठन कार्य र उद्देश्यमा परिवर्तन आएको छ । तसर्थ सामाजिक परिवर्तन सधै भइरहने निरन्तर चलिरहने प्रकृया हो । ठाउँ, समय, परिस्थिति अनुसार यसको गति फरक हुन्छ । मेकाइबर र पेजका अनुसार समाजशास्त्रको रुपमा हाम्रो प्रत्यक्ष सम्बन्ध सामाजिक सम्बन्ध संग हुन्छ । त्यसर्थ सामाजिक सम्बन्धमा हुने परिवर्तनलाई नै हामी सामाजिक परिवर्तन भन्छौं । संक्षेपमा भन्नु पर्दा सामाजिक ढाँचा, सामाजिक प्रकृया, सामाजिक सम्बन्ध, सामाजिक अन्तरक्रियामा आउने परिवर्तन सामाजिक परिवर्तन हो । यस अध्ययनका लागि छनौट अध्ययन क्षेत्रमा सामाजिक परिवार गठन भए पछि सामाजिक परिवर्तनका स्वरुपहरु विकास भएको देखियो । उक्त भएका परिवर्तनहरुलाई निम्नानुसार व्याख्या गरिएको छ ।

## ५.४.१ शैक्षिक परिवर्तन सम्बन्धि धारणा

सामाजिक परिवर्तन वा विकासलाई शिक्षाको स्थितिको आधारमा मापन गर्न सकिन्छ वा कुनै पनि समुदायमा रहेका जनताहरुको सामाजिक सम्बन्ध परिवर्तन र विकासमा शिक्षाले महत्वपूर्ण योगदान पुऱ्याएको हुन्छ । अध्ययन क्षेत्रमा सा.प.को गठन पछि चेतनाको विकास भएको पाइयो जसले गर्दा शिक्षाको स्थिति विगत भन्दा राम्रो भएको देखियो । चेतनाको कमी, गरिबीले गर्दा अध्ययन क्षेत्रमा स्कूल नपठाएको, पठाएकोलाई पनि स्कूलबाट छुटाई घरको कामधन्दा गर्न पठाउने, अलि ठूलो भएपछि श्रममूलक काम गर्न पठाउने गरेको तर सा.प. गठन पछि आर्थिक सुधार र समुदायका बालबालिकामा आएको चेतना र विकास साथै समग्र विकास सेवा केन्द्रद्वारा समय समयमा दिइने अभिमुखीकरण तालिम र मानवअधिकार सम्बन्धि गोष्ठी, समय समयमा आयोजना गरिने अवलोकन भ्रमण जस्ता चेतनामूलक कार्यक्रमहरुले गर्दा समूदायका जनताको चेतना र सोचमा आएको परिवर्तनले परम्परातग रुपबाट रही आएको जातीय विभेद, लैङ्गि असमानता जस्ता कुसंस्कारहरुसमाजमा परिवर्तन भएको पाइयो । जसलाई निम्न तालिकामा देखाइएको छ । उक्त तालिकामा सामाजिक परिवार भित्रको जनसंख्यासंग मात्र सम्बन्धित रहेका छ ।

**तालिका नं. ४**

| सि.नं. | शैक्षिक स्थिति | सा.प. गठनपूर्व जम्मा बालबालिकामध्ये % | सा.प. गठनपछि जम्मा बालबालिका मध्ये % |
|---|---|---|---|
| १. | स्कूल भर्ना भएको | ५५ | ८० |
| २. | स्कूल भर्ना नभएको | ४६ | १५ |
| ३. | स्कूल भर्नापछि छुटाएको | ४० | २० |
| ४. | स्कूल भर्नापछि नछुटाएको | ३० | ८५ |

स्रोतः स्थलगत अध्ययन २०६८/०१/२२

माथिको तालिकालाई अध्ययन गर्दा सा.प.को गठनले चेतनामूलक कार्यक्रमबाट समुदायमा चेतना र ज्ञानको विकास भईसकेपछि बालबालिकाहरु विद्यालय भर्ना हुने प्रवृत्तिको विकास तथा स्कूल भर्ना पछि छुटाउने प्रवृत्ति कम भएको देखिन्छ । उक्त तालिकामा अध्ययन क्षेत्रका बालबालिकामध्ये सा.प. गठनपूर्व ५५ प्रतिशत मात्र विद्यालय भर्ना भएको पाइयो । तर सा.प. गठन भएपछ स्कूल भर्ना हुने बालबालिकाको संख्या ८० प्रतिशतसम्म पुग्यो । यहाँ १०० प्रतिशत हुन नसक्नुको कारण गरिबी, पारिवारिक बेरोजगार जस्ता पक्षहरु रहेका छन् । त्यसैगरी सा.प. गठनपूर्व स्कूल भर्ना नभएको बालबालिकाको संख्या ४७ प्रतिशत थियो । तर सा.प. गठन पछि यो संख्या घटेर १५ प्रतिशत सम्ममा सिमित रह्यो यसमा पनि शून्य प्रतिशत हुन सकेको छैन । तर पनि सा.प.को गठनले केही हदसम्म शिक्षामा बालबालिकाको पहुँच बढाउने प्रकारको वातावरणको सृजना गरेको पाइयो । त्यसै गरी यस अध्ययन क्षेत्रमा स्कूल भर्नापछि छुटाएका बालबालिकाको संख्या ४० प्रतिशत थियो तर सा.प. गठन पछि यो प्रतिशत घटेर २० प्रतिशत सम्म आइपुगेको तथ्यबाट पनि के मुल्याङ्कन गर्न सकिन्छ भने सा.प. को गठनले समुदायका जनतामा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ ।

## ५.४.२ जातीय छुवाछुत, भेदभावको स्थितिप्रतिको धारणा

सा.प. गठन हुनु पूर्व र सा.प. गठन भइसकेपछि जातिय आधारमा घट्ने घटनाहरुको स्थितिमा भएको परिवर्तनलाई निम्न तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं.५**

**छुवाछुत भेदभावको आधारमा घटेका घटना विवरण**

| सि. नं. | घटनाको कारण | साप गठन हुनुपूर्व घटेको घटना संख्या | साप गठन पछि घटेको घटना संख्या |
|---|---|---|---|
| १. | पानीको धारा छुन निशेध गरेको कारण | ४ | २ |
| २. | भोजभतेर, पसलमा दलितले प्रयोग गरेको थाल गिलास माझ्नु परेको कारण | ३ | १ |
| ३ | सार्वजनिक मन्दिरमा दलितलाई प्रवेश निषेध गरेको कारण | ३ | १ |
| ४. | दलितले बेचेको दुधमा चिया नखाएको कारण | २ | ० |
| ५. | दलित घरभित्र पस्न नपाएको कारण | ३ | ० |
| ६. | समुदायमा हुने बैठकमा बस्न नपाएको कारण | २ | ० |
| जम्मा | | १७ | ४ |

माथिको तालिकालाई हेर्दा अध्ययन क्षेत्रमा सा.प. गठन हुनुपूर्व र पछि जातीय आधारमा घट्ने घटनाहरुमा निकै पविर्तन भएको देख्न सकिन्छ । यस अध्ययनका लागि स्थलगत अध्ययनका क्रममा उत्तरदाताको सामाजिक भेदभाव र छुवाछुतको आधारमा घटेका घटनाहरु सा.प. गठनपूर्व विद्यमान थियो तर सा. प. गठनपछि यस्ता केही घटनाहरु पूर्ण रुपमा अन्त्य भएका छन् भने केही घटनाहरु घट्दै जाने क्रममा रहेको थाहा पाइन्छ । माथिको तालिकामा भोजभतेर तथा पसलमा दलितले गैरदलित सरह खानका लागि थाल, गिलास माझ्नु परेको कारण घटेका घटना ३ वटा थिए तर सा.प. गठन पछि यस्ता घटना मा कमी आई २ वटामा सिमित रहेको छ । यसै गरी सार्वजनिक मन्दिरमा प्रवेश नदिएका कारण घटेका घटना जम्मा ३ वटा थिए तर सा. प. गठन पछि यस्तो घटनामा कमी आई एउटा मात्र घटना घटेको थाहा पाइन्छ । त्यसै गरी समुदायमा हुने बैठकमा दलित सहभागी

हुन नपाएको कारण घटेका घटनाहरु जम्मा २ वटा थिए तर सा.प. गठन पछि यस्ता घटनामा उल्लेख्य कमी आएको छ ।

विकासलाई जातिय छुवाछुत तथा भेदभावको स्थितिका आधारमा मापन गर्न सकिन्छ। समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा सामाजिक भन्ने बित्तिकै एक अर्काबीचको सम्बन्ध, व्यवहारलाई जनाउँछ । एउटा मानिसको अर्को मानिससंग, एउटा लिङ्गको अर्को लिङ्गसंग, एउटा समुदायको अर्को समुदायको सम्बन्धलाई जनाएजस्तै एउटा जातको अर्को जातसंगको सम्बन्ध तथा व्यवहारलाई सामाजिक सम्बन्ध भनिन्छ । जातकै आधारमा हुने छुवाछुत तथा भेदभावमा भएको सकारात्मक परिवर्तनलाई सामाजिक सम्बन्धमा भएको विकास मानिन्छ । अध्ययन क्षेत्रमा जातीय छुवाछुत र भेदभाव जस्तो समस्याले जरो गाडेको स्थिति रहेको थियो । समग्र विकास सेवा केन्द्रले ल्याएको अवधारणा सामाजिक पिरिवार को गठनले उक्त छुवाछुत तथा भेदभावमा धेरै परिवर्तन ल्याएको तथ्य अध्ययन क्षेत्रबाट थाहा पाइयो । उत्तरदाता (दलित)हरु का अनुसार सा.प. गठन हुनु भन्दा पहिला हामी सार्वजनिक क्षेत्रमा प्रवेश गर्न पनि धेरै गाह्रो थियो । विवाह तथा भोजमा पनि हाम्रो लागि बस्ने स्थान अलग्गै हुन्थ्यो । पानीको प्रयोग गर्दा पनि धेरै समस्या थियो । कुनै गैरदलित व्यक्ति हाम्रो घरमा बस्दैन थिए । तर अहिले कसैको घरमा गयौं भने सम्मानपूर्वक बस्न दिने तथा अन्य व्यक्तिहरु पनि हाम्रो घरमा बस्ने, हामीले पकाएर दिएको चिया तथा अन्य खानेकुराहरु खाने, प्रचलनको विकास भएको छ । सा.प. को गठनले सांगठनिक एकता हुँदा छुवाछुत र विभेदविरुद्ध लड्न सक्ने साहस सबै जनतामा वृद्धि भएको अध्ययन क्षेत्रका उत्तरदाताले बताए । त्यसैगरी उत्तरदाता(बाहुन,क्षेत्री) हरु अनुसार सा.प. गठन हुनु भन्दा पहिला सार्वजनिक क्षेत्रमा दलित संग बस्यो भने जात जान्छ, दलितले छोएको खानु हुँदैन, दलित ब्राह्मण क्षेत्री भन्दा सानो जात हो भन्ने मान्यता थियो । यदि कुनै ब्राह्मण दलितसंग हिँड्यो बस्यो भने उसलाई हेला गरिन्थ्यो । तर आज सा.प. गठन भईसके पछि यसमा परिवर्तन आएको छ । बाहुन क्षेत्री सबै एउटै रहेछन्, दलित र ब्राह्मणले संगै खानु बस्नु हुँदैन भन्ने त समाजमा शिक्षा र चेतनाको कमिले मात्र रहिरहेको नराम्रो संस्कार रहेछ । त्यसकारण अहिले हामी दलितकोमा जाँदा घरमा बस्न लगाउने केही खाएर जाउँ भनेर सोध्ने गर्छन् । र दलित हाम्रोमा आउँदा पनि बस्न दिन कुनै गाह्रो हुँदैन हामी संगै बस्छौं । बैठकमा पनि संगै बस्छौं । यसबाट के बुझ्न सकिन्छ भने चेतना र शिक्षा दलितलाई मात्र

भएर सामाजिक एकतामा सहयोग नभई सबै जातजातिलाई शिक्षा र चेतना भयो भने मात्र समुदायमा सामाजिक सम्बन्ध छिटै परिवर्तन हुन सक्ने रहेछ ।

मधेसी समुदायमा सामाजिक सम्बन्धमा भएको परिवर्तनहरुलाई तलका विभिन्न समाचारहरुको उदाहरणबाट पनि प्रष्ट पार्न सकिन्छ ।

**बक्स नं.१**

'एक घर दलितलाई छुट्टै इनार' भन्ने शिर्षकमा सिरहाको लालपुर गाविस वार्ड नं. २ टकडिया गाउँको पतसिया मरिकले सार्वजनिक धारामा पनि पानी भर्न त के धाराको छेउछाउ जाँदा पनिछिःछिः र दुरदुर गर्ने गरेको पाइएको छ । टकडिया गाविसमा एक घर दलित डोम जातीका परिवारका लागि गैरसरकारी संस्थाले छुट्टै इनार बनाइदिएका कारण सफा पानी त खाएका छौं तर गाउँमा भएको सार्वजनिक इनार छुन नपाउँदा अपमान महसुस भएको पदसिया मरिकले बताए ।

मितिः २०६६/०९/२६ को 'अन्नपूर्ण पोष्ट' पत्रिकामा प्रकाशित

बक्स नं. १ बाट के पत्ता लगाउन सकिन्छ भने मधेषी समुदायमा रहेको जातीय विभेद असमानताका कारण सार्वजनिक स्थानमा पानीको प्रयोग गर्न पनि बन्देज रहनु परेको अवस्था विद्यमान रहेको अवस्था पत्ता लगाउन सकिन्छ । समय परिवर्तनको गतिसंगै वर्तमान समयमा यस प्रकारका जातीय भेदभाव तथा असमानताहरु यस समुदायमा पूर्ण रुपमा अन्त्य हुन नसके पनि धेरै मात्रामा परिवर्तन भईरहेको छ भन्ने अनुमान यस अध्ययनबाट गर्न सकिन्छ ।

**बक्स नं. २**

'सदा दम्पत्तीलाई गाउँ निकाला' भन्ने शिर्षकमा सप्तरी जिल्लाको पकरी गाविस २ निवासी रवी सदा र प्रमिला सदालाई तीन सन्तान सहित सोमबार राती नौ बजे गाउँ निकाला गरिएको भन्ने सम्बन्धमा गाउँ निकाला गर्ने प्रमुख व्यक्तिहरुमा छिमेकी पुलकित सदा, बहादुर सदा र जमुन सदा रहेको भन्ने सम्बन्धमा

मितिः२०६६/०९/२२ को 'जनदिशा'मा प्रकाशित समाचार

बक्स नं. २ लाई अध्ययन गर्दा के पाउन सकिन्छ भने मधेसी समुदायमा दलित दलित बीचमा नै सामाजिक सम्बन्धमा जुन प्रकारको नराम्रो सम्बन्ध थियो जुन नराम्रो सम्बन्धका कारण घट्ने विभिन्न घटनाहरु अहिलेको समदायमा कम मात्र पाउन सकिन्छ । यसको मुख्य कारण दलित समुदायमा आएको शिक्षा र चेतना नै हो भन्ने अनुमान यस अध्ययनबाट गर्न सकिन्छ ।

### ५.४.३ सामुदायिक पारस्पारिकता, एकता तथा द्वन्द्वको स्थिति

सामाजिक विकासलाई सामुदायिक एकता तथा पारस्पारिकताका आधारमा मापन गर्न सकिन्छ । जबसम्म सामुदायीक एकता सद्भाव हुँदैन जातीय वर्गीय द्वन्द्व भइरहन्छ तब सम्म सामाजिक विकास भएको मान्न सकिदैन । सम्पूर्ण समुदायका मानिसहरुमा एकता तथा सांगठनिकता हुँदैन तब समग्र समुदायको सामाजिक सम्बन्धमा विकास हुन सक्दैन । अध्ययन क्षेत्र गोविन्दपुरका जनताहरु सामाजिक एकता हुन नसकी रहेको अवस्थामा सामाजिक परिवार मार्फत् एकताको विकास भएको तथ्य स्थलगत अध्ययनबाट थाहा पाइयो । जुन सामाजिकसम्बन्ध सुधारका लागि सकारात्मक पक्ष हो । अध्ययन क्षेत्रमा सा.प. को गठन पछि सामुदायिक पारस्पारिकता र एकता वृद्धि भएको छ । अध्ययन क्षेत्रमा जातीय, वर्गीय, व्यक्तिगत प्रवृत्ति जस्ता समस्याका कारण तथा जनचेतनाको अभावमा सामाजिक परिवार गठन हुनुपूर्व समुदायका मानिसहरुबीच विभिन्न पक्षमा जस्तै समुदायमा आवश्यक पूर्वाधार निर्माण, परिवार परिवार बीचको मेलमिलाप, जातीय एकता हुन नसकिरहेको, मन मुटाव, द्वन्द्व भइरहेको स्थितिमा स्थलगत अध्ययनको क्रममा उत्तरदाता अनुसार सा.प.ले यस्ता सामाजिक समस्यालाई जनचेतनामूलक कार्यक्रमबाट एकताबद्ध बनाएको छ । एकलवादी प्रवृत्तिलाई हटाएको छ । सांगठनिकताको महत्वलाई बुझाएको छ भन्ने उत्तर अध्ययन क्षेत्रका उत्तरदाताहरुबाट प्राप्त भयो । यसबाट के थाहा हुन्छ भने सामाजिक परिवारको गठनले समुदायका मानिसलाई संगठन मार्फत् एकताबद्ध बनाएको यही एकताबद्ध भएकै कारण सामाजिक सम्बन्धमा क्रमशः सुधार हुँदै गईरहेको उत्तरदाताले बताए ।

### ५.४.४ अन्य सामाजिक विकास

सामाजिक परिवारले सामाजिक विकासमा पारेको प्रभाव तथा समुदायका जातजाती बीचको सम्बन्ध परिवर्तनमा खेलेको भूमिकाको सूचना संकलनको क्रममा सामाजिक परिवारको सदस्यहरुसंग लिएको अन्तरवार्ता र समुहगत छलफलबाट निम्न सूचना प्राप्त भए ।

- सा.प.ले ल्याएको सामाजिक सम्बन्धमा परिवर्तन बारे स्थलगत अध्ययनका आधारमा सूचना संकलन गर्ने क्रममा सितापुर गाविस अन्तर्गत रहेको मिलन सामाजिक परिवारका सदस्यले भने - सा.प.ले हामी मधेसी, दलित, जनजाति तथा अन्य पहाडे दलितलाई समाजमा खुल्ला रुपमा हिँडडुल गर्न र सार्वजनिक स्थलहरु धारा मन्दिरमा प्रवेश गर्न सक्षम बनाएको छ । जातीय, लैङ्गिक र सिमान्तकृतहरुले अधिकारबाट बञ्चित रहनु पर्ने अवस्थाको अन्त्य सा.प.को गठन पछि भएको छ । यसै सन्दर्भमा मिलन सामाजिक परिवारकी सदस्य कागो देवी दास भन्नु हुन्छ- सा.प. हुनुभन्दा पहिला हामीमा चेतना आएको थिएन । आफूमा केही गर्ने हिम्मत र जाँगर थिएन । तर जब हामी सामाजिक परिवारमा प्रवेश गऱ्यौं तब हामीलाई ज्ञान र चेतना आयो । र मैले समूहबाट नै ऋण लिएर बाख्रा पालन सुरु गरें । त्यस व्यवसायबाट मलाई राम्रो आम्दानी भएको छ ।
- सा.प. गठन मार्फत् संगठित भइसकेपछि हाम्रो समुदायमा कसैले कसैको कुरा काट्ने भन्दा पनि एक आपसमा सहयोग गर्ने बानीको विकास गराएको छ ।
- समग्र विकास सेवा केन्द्र जस्तो गैरसरकारी संस्थाले तपाईको गाविसका जनताहरुमा कति सामाजिक परिवर्तन ल्याउन सफल भयो भन्ने प्रश्नको उत्तरमा सितापुर गाविस सचिव भन्नुहुन्छ - यस सितापुर गाविसका जनताहरु पहिला धेरै अशिक्षित थिए । गाविसमा विकासका कुनै पनि बजेट लिन आउँदा एकदुई जना मात्र आउने गर्थे । तर आज गाउँमा सा.प. गठन भईसके पछि सबै परिवारहरु एकै ठाउँमा भेला भई मुख्य समस्यालाई समाधान गर्ने उद्देश्यले उपभोक्ता समिति गठन गरी गाविस कार्यालयमा आफ्नो माग प्रस्तुत गर्न आउँछन् ।

### ५.४.५ लैङ्गिक सम्बन्धमा आएको परिवर्तन

लैङ्गिग भेदभाव तथा समानताका आधारमा सामाजिक विकासलाई मापन गर्न सकिन्छ । लैङ्गिक समानता बिना सामाजिक विकास सम्भव हुँदैन । नेपालमा रहेको लैङ्गिक भेदभाव जस्तो जटिल समस्या जस्तै अध्ययन क्षेत्रमा पनि अशिक्षा, जनचेतनाको कमी तथा परम्परागत संस्कृतिले गर्दा लैङ्गिक भेदभावको स्थिति मुख्य समस्याको रुपमा रहेको थियो । सा.प.को गठन भइसकेपछि अध्ययन क्षेत्रको समुदायमा चेतनाको विकास तथा महिलाहरुको सशक्तिकरणमा गरेको जोडले गर्दा महिलाहरुले पनि केही गर्न सक्छन् महिला र पुरुषको समुदायमा उत्तिकै महत्व हुने रहेछ भन्ने धारणाको विकास भइसकेपछि लैङ्गिक असमानता र

शोषण जस्ता कुसंस्कार समुदायबाट पूर्णरुपमा अन्त्य हुन नसके पनि पहिलाको भन्दा सा.प. को गठन पछि सुधार आएको उत्तरदाताहरुले बताए ।

जातीगत हिसाबले हेर्दा बाहुन क्षेत्री भन्दा जनजाति र दलित महिलाहरुमाथि लैङ्गिक भेदभाव बढी हुने गरिएको पाइयो । बाहुन क्षेत्रीमा महिलाहरु श्रीमान्‌बाट बढी हेपिने कुटिने र सामाजिक रुपमा हेर्दा परिबन्धमा बस्नु परेको स्थिति भए पनि दलित हरुमा महिलाहरु श्रीमान्‌को हातबाट कुटिने, पिटिने तथा शोषित हुनुका साथै कथित माथिल्लो जातका बाहुन क्षेत्रीबाट पनि सामाजिक हिसाबले शोषित पिडित हुनका साथै यौन शोषण जस्तो कुसंस्कारको बिरुद्ध महिलाहरु आवाज उठाउनको लागि सक्षम थिएनन् । तर यस समुदायमा सा.प.को गठन पछि ब्राह्मण क्षेत्री, महिला पूरुष तथा दलितमा आएको चेतना र ज्ञानका कारण लैङ्गिक भेदभावको स्थितिमा परिवर्तन आएको छ भन्ने कुरा स्थलगत अध्ययनको बेला उत्तरदाताहरुले बताए ।

## ५.५ सामाजिक परिवारको मूल्य र मान्यताहरु

कुनै पनि सामाजिक संस्था निश्चित मूल्य र मान्यताहरुद्वारा निर्देशित भएको हुन्छ । त्यसैगरि सामाजिक परिवार पनि एउटा सामाजिक संस्था भएकोले यस संस्थाका पनि केही आफ्नै मूल्य र मान्यताहरु रहेका छन् जुन निम्नानुसार व्याख्या विश्लेषण गर्न सकिन्छ ।

अध्ययन क्षेत्रको सामाजिक परिवारमा आबद्ध सदस्यहरुको धारणा अनुसार सामाजिक परिवार कम्तिमा १५ घर देखी बढीमा ३० घर परिवार सम्मको समूह बनाइन्छ तर घर संख्या यति नै हुनुपर्दछ भन्ने नियम चाहि होइन । त्यस्तै एउटा गाविसमा गठन भएको सामाजिक परिवारको सदस्य छिमेकी गाविस को व्यक्ति पनि हुनसक्ने अवस्था सामाजिक परिवार सञ्चालन नियमावलीमा उल्लेख गरिएको छ । सामाजिक परिवारको गठन गर्नका निम्ति गाउँ, अञ्चल, वडा, जिल्ला जस्ता प्रशासनिक सीमा तथा भौगोलिक सीमा रेखाले वाधा गर्ने छैन । समग्र परिवारको सदस्य बन्नका निम्नि जात वर्ग लिङ्ग, पेशा, भाषाले कुनै प्रभाव पार्ने छैन । सामाजिक परिवारको सदस्य बन्नका लागि उमेरको पनि निश्चित सीमा छैन ।

“सामाजिक परिवार” कार्य सञ्चालन तथा गठनप्रकृया प्रभावकारी गर्नका निम्ति यसमा पनि अक्ष्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरु रहने प्रावधान रहेको छ । सामाजिक परिवारको कुनै पनि पदका निम्ति योग्यता तथा सीमाको निर्धारण गरिएको हुँदैन

। जुनसुकै व्यक्ति सामाजिक परिवारको अध्यक्ष, कोषाध्यक्ष, सचिव तथा सदस्य पदमा रही समुदायको विकास तथा सेवा गर्ने कार्यमा संलग्न हुन सक्नेछ ।

सामाजिक परिवार व्यवस्थित र संगठित रुपबाट सञ्चालन गर्ने उद्देश्यले विभिन्न सामाजिक परिवारहरुमा गाउँ तथा क्षेत्र अनुसार कायक्रम स्वयंसेवक छनौट गरिएको हुन्छ भन्ने कुरा अध्ययन क्षेत्रबाट जानकारी प्राप्त भएको छ जुन कार्य सान्दर्भिक र प्रभावकारी रहेको छ ।

सामाजिक परिवारले सम्भव भएसम्म महिनाको दुईपटक तथा संभव नभए पनि प्रत्येक महिनामा एकपटक बैठक बसी गाउँ क्षेत्र तथा सामाजिक परिवार भित्र रहेका कार्य विवरण तथा प्रगतिको अनुगमन र मूल्याङ्कन गर्ने नियमित कार्य गरिदो रहेछ भन्ने कुरा क्षेत्र अध्ययनबाट प्रष्ट भएको छ जुन कार्य समुदायका लागि प्रभावकारी र लाभदायक बन्न पुगेको रहेछ । यसरी समय समयमा बस्ने बैठकमा समुदायमा भएका समस्याहरुका बारेमा छलफल गर्ने र समुदायमा रहेका गुनासोहरु सम्बन्धित निकायसम्म पुऱ्याई विकासका निम्ति सम्बन्धित निकायलाई सचेत गराउने कार्य हुँदोरहेछ भन्ने सत्यता क्षेत्र अध्ययनबाट प्रष्ट भएको छ ।

सितापुर गाविसमा गठन भएको सामाजिक परिवारका सहयोगी तथा समग्र विकास सेवा केन्द्र क्षेत्रीय कार्यलय लहानका कार्यक्रम स्वयंसेवक चन्द्रदेव रामको अग्रसरतामा सितापुर गाविसमा बाल विकास केन्द्रको स्थापनाका निम्ति सितापुर गाविस सचिव श्री विवेकचन्द्र कार्की समक्ष बिन्तीपत्र पेश गर्न लैजाने निर्णय सामाजिक परिवारले गरेको थियो जुन दिन म मेरो सोधपत्र तयार गर्नको लागि कार्यक्षेत्रमा उपस्थित रहेको थिएँ । वि.सं. २०६८/१/२२ गते सप्तरी जिल्ला डिमन गाविस वार्ड नं. ३ अन्तर्गत गठन भएको दादजित दलित सामाजिक परिवारका अध्यक्ष शिव देव सदाको अग्रसरतामा उहाँको घरकै आँगनमा एउटा सानो विद्यालय को स्थापना गरी त्यस समुदायका बालबालिकाको शैक्षिक स्तर उकास्न गरिएको प्रयासलाई सामाजिक परिवारको सकारात्मक प्रयास मान्न सकिन्छ । जुन विद्यालयमा शिवदेव सदा कै आफ्नै बुहारी अध्यापन गर्दै आउनुभएको छ । तर उहाँको तलब भने ग्रामिण समुदाय गरिब भएका कारण छैन भन्ने जानकारी स्थलगत अध्ययनबाट प्राप्त भएको छ । समग्र विकास सेवा केन्द्र र ग्रामिण समुदायको बिच सम्बन्धको अध्ययन गर्ने क्रममा अध्ययन क्षेत्रमा दादजित सामाजिक परिवारका अध्यक्ष शिवदेव सदा भन्नुहुन्छ, “मलाई यो अवस्थासम्म ल्याउने कार्य सामाजिक परिवारले नै गरेको हो ।” समग्र विकास

सेवा केन्द्रले सबै जातजातिको पहुँच विकास प्रकृयामा समान रुपबाट पुऱ्याउने उद्देश्य राखेको कुरा समग्र को कार्यकारी समिति गठनको तलको तालिकाबाट पनि स्पष्ट हुन्छ ।

**तालिका नं. ६**

**समग्र कार्यकारी समिति(२००७)मा जातीय अनुपात**

| क्षेत्र र जात | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| पहाडे ब्राह्मण | ० | २ | २ |
| पहाडे दलित | २ | १ | ३ |
| पहाडे जनजाति | ० | २ | २ |
| तराई दलित | १ | ० | १ |
| तराई जनजाति | १ | ० | १ |
| जम्मा | ३ | ६ | ९ |

source: SAMAGRA PROJECT REPORT2007

तालिका नं.३ लाई अध्ययन गर्दा समग्र विकास सेवा केन्द्र कार्यकारी समिति गठन प्रकृयामा नै जातीय तथा क्षेत्रीय समानता भएपछि यसप्रकारको कार्यकारी समितिले सम्पन्न गर्ने विकासमूलक कार्यहरुमा पनि लैङ्गिक जातीय तथा क्षेत्रीय समानुपातलाई प्रभावकारी रुपबाट कार्य सञ्चालन गर्दछ भन्ने कुराको तथ्य थाहा हुन जान्छ । यसप्रकारको समिति गठनमा क्षेत्रीय र जातिय समानुपात भए पनि लैङ्गिक रुपमा महिलाको सहभागिता कम नै रहेको जानकारी माथिको तालिकाबाट स्पष्ट हुन्छ । यदि यसप्रकारको गठन प्रक्रियालाई क्रमशः परिवर्तन गरी महिला पुरुषको सहभागिता समान बनाउन सकेमा समग्र विकास सेवा केन्द्रले अपनाउने विकास रणनीतिहरु प्रभावकारी र समानुपातिक हुने सक्ने देखिन्छ । सामाजिक परिवार स्वयम् एउटा संस्था हो, एउटा संगठन हो तसर्थ यसमा खास किसिमका संरचना मूल्य र मान्यताका आधारमा ग्रामिण समुदायको विकासका निम्ति कार्य सञ्चालन गरिदो रहेछ ।  सामाजिक परिवारको कार्य सञ्चालन गर्नको लागि आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष जस्ता पदाधिकारीहरु रहने सक्ने रहेछन् भने समुदायका अन्य मानिस पनि सा.प. का सदस्य बन्न सक्ने रहेछ । जसमा सबैले आ-आफ्ना काम, कर्तव्य र अधिकारहरु पालना गर्नु पर्ने रहेछ । पदाधिकारीहरुको अवधिको सम्बन्धमा पहिलो पटक छानिएका पदाधिकारीहरुको म्याद दुई बर्ष सम्म रहने रहेछ भनी बिचमा कसैले समुदायमा संलग्न हुन

नभ्याए वा अरु कारण परेमा सबै सदस्यलाई जानकारी गराई सामाजिक परिवारबाट अलग रहन सकिने प्रावधान रहेछ ।

सामाजिक परिवारका सदस्यहरुमा यस बाहेक बैठकमा आफ्नो समस्या राख्ने प्रजातान्त्रिक तरिका रहेछ । सबैले एक पटक होहल्ला गरेर बोल्न नपाइने रहेछ । पालै पालो र अरुलाई पनि बोल्न दिने अवसर दिनु पर्ने रहेछ । आफ्नो गाविसमा दलित तथा अपाङ्गका निम्ति के के आएको छ, त्यस सम्बन्धि छलफल गरेर सम्बन्धित निकायसम्म जानका लागि सम्पूर्ण समुदाय हरु एकजुट भएर जान सक्ने व्यवस्था रहेछ । सामाजिक परिवारको सदस्य बनेपछि धुम्रपान, मध्यपान गर्न नपाइने कुरा अध्ययन क्षेत्रमा उत्तरदाताले बताए ।

## ५.६ अध्ययन क्षेत्रमा सामाजिक परिवारको उत्पत्ति र गठन प्रक्रिया

समग्र विकास सेवा केन्द्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेका अनुसार सामाजिक परिवारको उत्पत्ति सम्बन्धमा निम्न जानकारी पाउन सकिन्छ । कुनै पनि समुदायमा सा.प. गठन गर्नका लागि हामी पहिले कार्यक्षेत्रमा अनुसन्धानात्मक भ्रमण गर्छौं । अध्ययनका क्रममा स्थानिय जनताहरुसंग सम्पर्क गरी प्रत्यक्ष कुराकानी र गफ गर्छौं । यसरी कुराकानी गर्ने सन्दर्भमा गाउँका जनतामा भएका समस्याका बारेमा बुझ्न सकिन्छ । र त्यही गाउँका सबैभन्दा गरिव, सीमान्तकृत समुदायलाई संगठित गरेर सामाजिक परिवार बनाउन सहयोग गर्छौं । यसरी संगठित भएर सा.प.को निर्माण भईसके पछि स्थानीय समुदायलाई सरकारी तथा गैरसरकारी निकायबाट प्रदान गरिने सेवा सुविधाको उपभोग गर्न अभिप्रेरित गर्दछौं । यसरी संइगठित रुपमा गठन भएको सामाजिक परिवारको बारेमा समयसमयमा हामी जानकारी लिने गर्छौं । परिवारका सदस्यहरुसंग समस्याको बारेमा छलफल गर्छौं । समुदायमा कस्तो प्रकारको विकासकार्य गर्दा लाभदायी र प्रभावकारी हुन्छ भन्ने बारेमा पनि सामुहिक छलफलमा कुराकानी गर्छौं । अनि यसैका आधारमा सामाजिक परिवारमा विभिन्न विकासमूलक कार्यहरुको आयोजना गरिन्छ ।

यसैगरी मेरो अध्ययन क्षेत्रमा सामाजिक परिवारको गठन कसरी भयो भन्ने बारे व्याख्या गर्ने क्रममा सामुहिक छलफलमा सा.प. सदस्यहरुसंग कुरा गर्दा उनीहरुले बताए अनुसार, हाम्रो समुदायमा समग्र विकास सेवा केन्द्रबाट सरहरु आउनुहुन्छ र हाम्रो स्थानीय समस्याको बारेमा जानकारी लिनुहुन्छ र केही समयपछि आर्थिक विकास तथा सामाजिक विकासका लागि विभिन्न कार्यक्रमहरु लिएर हाम्रो समुदायमा आउनुहुन्छ र विभिन्न

सदस्यहरुसंग सामुहिक छलफल गरी कस्तो कार्यक्रम हाम्रो समुदायमा प्रभावकारी हुन्छ त्यसैको बारेमा जानकारी गराउनुहुन्छ ।

स्थलगत अध्ययनकै क्रममा सामाजिक परिवारको गठनबारे जानकारी लिने क्रममा शिवशक्ति सामाजिक परिवारका सदस्य श्यामदेव सदा भन्नुहुन्छ - 'म समग्रबाट आउनु हुने सरहरु डोरनाथ न्यौपाने सरलाई राम्ररी चिन्छु । उहाँले मलाई भजन भन्न लगाउनु हुन्छ र म भजन भनेर सुनाउँछु ।' यसरी सा.प. गठन गर्ने क्रममा र गठन भईसकेका सा.प.को प्रगति अध्ययन अवलोकन गर्न सम्भव भएसम्म समग्र विकास सेवा केन्द्रबाट सरहरु जाने गर्नुहुँदो रहेछ । साथै समय समयमा सा.प.को अवस्थाबारे बुझ्न कार्यक्रममा जने निर्देशन दिनु हुँदो रहेछ भन्ने जानकारी क्षेत्र अध्ययनबाट प्राप्त भएको छ । सा.प. गठनकै बारेमा छलफल गर्ने क्रममा महन्तबाबा सा.प.की सदस्य कैलिदेवी यादव भन्नुहुन्छ-'हाम्रो समुदायमा केही समय अगाडी सीपमूलक कार्यक्रम अन्तर्गत साबुन बनाउने सीप सिकेका थियौं अब हामी गाउँमा दालमोठ बनाउने सीप सिकेर यही व्यवसायबाट हामी आर्थिक विकास र वृद्धि गर्छौं ।'

## ५.७सामाजिक परिवारका सदस्यहरुको काम, कर्तव्य र अधिकार

सामाजिक परिवारमा संलग्न भईसकेपछि यसका सदस्यहरुले निश्चित कार्यहरुको योजना बनाउनु पर्ने हुन्छ साथै केही नियमहरु तथा शर्तहरुको पालना पनि गर्नुपर्ने हुन्छ । जुन निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

- आफ्नो समूहभित्रको नियमित बैठकमा भाग लिने, आफ्ना भावना, उन्नती, आवश्यकतालाई समूहमा राख्ने, समूहलाई अगाडि बढ्नका लागि विकासमूलक कार्यहरुमा सहभागी हुन ग्रामिण समुदायलाई अभिप्ररित गर्ने ।
- समुदायमा रहेका कृषियोग्य भूमिमा मौसम अनुसारको खेती गर्न कृषकलाई उत्साहित साथै आवश्यक सुविधा तथा सहयोगका निम्ति अग्रसर रहने ।
- समुदायमा लैङ्गिक असमानता, यौन शोषण जस्ता खराब आचरणहरुको अन्त्य गर्न चेतनामूलक कार्यक्रमहरु आयोजना गर्ने ।
- अन्य संघसंस्था गैरसरकारी संस्थाहरुसंग सम्बन्ध विस्तार गर्दै आवश्यक ऋण सापटी लिएर गरिबी निवारण हुने प्रकारका कार्यक्रमहरु सञ्चालन गर्ने साथै संघसंस्थाहरुबाट लिएको ऋण समय अवधिभित्रमा तिर्नका लागि समुदायका जनतालाई सुसुचित गर्ने ।

- समुदायमा रहेका वन जंगल, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गर्दै गाउँलाई समुन्नत बनाउने ।
- समुदायमा सानो तथा घरेलु उद्योग सञ्चालन गर्न चाहने परिवारलाई आवश्यक सहयोग गर्ने तथा सम्बन्धित क्षेत्रको बारेमा जानकारी गराउने ।
- समुदायमा रहेको रुढीवादी परम्पराको परिवर्तन गर्न अग्रसर भई सामाजिक परिवर्तन  तर्फ सबैलाई आकर्षित गर्ने ।
- समूहले निर्णय गरेको सार्वजनिक कार्यमा सहभागी भई श्रमदान गर्ने ।

# अध्याय-छ

## सिरहा जिल्लामा रहेका सामाजिक परिवारको अवस्था

देशका विभिन्न जिल्लाहरुमा गठन भएका सामाजिक परिवारहरुले समुदायमा रहेको गरिबी नियन्त्रण, मानव अधिकारको खोजी तथा जातीय लैङ्गिक सम्बन्ध विस्तार तथा विकास गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएको छ । सामाजिक परिवार मार्फत् समुदायका धेरै आर्थिक तथा सामाजिक सुधार कार्य भइसकेपछि आज देशका विभिन्न स्थानहरुमा रहेका सा.प.को प्रभावकारिता र महत्व बढ्दै गइरहेको छ । सुरुमा सिरहा जिल्लाका सदरमुकामबाट नजिकै पर्ने गाविस हरुमा मात्र सामाजिक परिवारको गठन भएको थियो । यसरी गठन भएका सा.प.ले ग्रामिण समुदायको आर्थिक तथा सामाजिक पक्षमा सकारात्मक सुधार ल्याईसकेपछि सा.प. को आवश्यकताको महशुस भई पछिल्लो समयमा आएर सिरहा जिल्लाभरिमा विभिन्न गाविसहरु तथा नगरपालिकामा गरि जम्मा ४९ वटा सामाजिक परिवारको गठन गरिसकिएको छ । (समग्र बुलेटिन) जुन ४९ वटा सामाजिक परिवारहरुमा केही पुरुष र महिलाहरुको मात्र सहभागिता रहेको छ । जातिय हिसाबले हेर्दा अध्ययन क्षेत्रका केही सा.प. हरुमा दलित मात्र समुदाय रहेका छन् भने अन्य केहीमा मिश्रित जातिहरुको सहभागिता रहेको छ ।

सा.प.ले ग्रामिण समुदायका मानिसहरुमा बचत गर्ने बानीको विकास गराएको छ । हरेका सा.प.मा केही रकम जम्मा गर्नुपर्ने नियम बनाइएको छ । त्यी जम्मा गरेको रकम सामाजिक विकासका निम्ति खर्च गर्ने गरिन्छ । साथै यही समुहमा जम्मा भएको रकम व्यक्तिगत कार्यका लागि सस्तो ब्याजदरमा समूहभित्रका सदस्यहरुमा नै सञ्चालन हुन्छ ।

मैले अध्ययन क्षेत्रमा सामाजिक परिवारको अवस्थालाई विगतदेखि वर्तमान सम्मको अवस्था हेर्दा परिवर्तन संगै यसको प्रभावकारिता र लोकप्रियता बढ्दै गइरहेका छ । पहिला पहिला सामाजिक परिवार गठन गर्न गाउँमा धेरै समय लागि पर्नु पर्थ्यो गाउँका सबै जनतालाई सा.प.को अवधारणाका बारेमा व्याख्या गर्नुपर्दथ्यो तर अहिले विभिन्न सा.प. हरुको गठन भई यिनीहरुकै माध्यमबाट ग्रामिण विकास कार्य सफल भएको अनुभव गाउँ गाउँमा भइसकेपछि अहिले सबै जनतामा सा.प.को गठनका बारेमा धेरै भनिराख्नु पर्दैन । समुदायमा सा.प.गठन गर्न सजिलो भएको छ । सा.प.को मुख्या उद्देश्य जातीय एकता र सदभाव ल्याउने भएकोले केही समय अगाडी ग्रामिण क्षेत्रमा रहेका अशिक्षित जनता तथा परम्परागत जातिय मान्यता लिएका जनताहरुलाई जातीय समानताको कुरा गर्दा सा.प.

प्रति नराम्रो धारणा प्रस्तुत गर्ने गर्दथे तर आज जनतामा आएको ज्ञान र चेतनाले गर्दा सा.प.ले आफ्नो लक्ष्य र उद्देश्य अनुरुप गाउँगाउँमा समूह गठन गरी आफ्नो कार्य अगाडी बढाउन सफल भएको छ । यसका आधारमा के अनुमान गर्न सकिन्छ भने सिरहा जिल्ला लगायत देशका सम्पूर्ण क्षेत्रमा गठन भएको सामाजिक परिवारहरुको अवस्थामा क्रमशः विकास र वृद्धि हुँदै गइरहेको छ भन्ने तथ्य थाहा पाउन सकिन्छ ।

गोविन्दपुर गा.वि.स अन्तर्गत सामाजिक परिवारका सदस्यलाई तपाईको गाउँमा अहिले सा.प. को अवस्था कस्तो छ भनी सोध्दा उनीहरुले भने - हाम्रो समुदायमा सा.प. गठन हुनुभन्दा पहिला हामी दलित दलित बिचमा पनि विभेद थियो । तर सा.प. को गठन पछि समुदायमा आश्चर्यजनक परिवर्तन आएको छ । सा.प.ले समुदायका मानिसलाई संगठित बनाएको छ । यसरी हाम्रो समुदायमा पछिल्लो समयमा सा.प. ले गरेको प्रगतिले समुदायलाई त प्रत्यक्ष फाइदा पुगेको छ । यसैको सहायताद्वारा हामीले हाम्रो समाजमा रहेको सभ्यताको परिचय दिन सफल भएका छौं । पहिला पहिला हाम्रो क्षेत्रमा पहाडे जाति देखि मधेसी डराउने तथा मधेसी जाति देखि पहाडे डराउने परम्परा थियो तर सा.प.को निरन्तर प्रयासका कारण आज हाम्रो समुदायमा के मधेसी, के पहाडे जनता सबै एक भएका छौं । जातीय समस्यामा भन्दा समुदायको भौतिक तथा आर्थिक सुधारका लागि संगठित हुन सामाजिक परिवारले ठूलो सहयोग गरेको छ । त्यसकारण हाम्रो समुदायमा पछिल्लो समयमा पछिल्लो समयमा समग्रमा भन्नु पर्दा सा.प.को अवस्थामा सुधार हुँदै गएको छ भन्न सकिन्छ ।

## ६.१ सामाजिक परिवारप्रति जनताको धारणा

मैले अध्ययन गर्नका लागि छनौट गरेको क्षेत्र सामाजिक तथा आर्थिक हिसाबले हेर्दा छुवाछुत, भेदभावयुक्त, लैङ्गिक असमानता रहेको क्षेत्रभित्र पर्दछ जहाँ विभिन्न जात जाति, भाषा, भाषी अझ भन्दा दलित जनजातिको बसोबास बढी रहेको क्षेत्र हो । मेरो अध्ययन पुरा गर्ने क्रममा त्यहाँ रहेका 'सामाजिक परिवार' मार्फत् गाउँको सामाजिक, आर्थिक, स्थितिको बारेमा बुझ्दा पहिलेदेखि नै सामाजिक आर्थिक परिवर्तनमा खासै अगाडि बढ्न नसकेको, गरिबी समस्या मुख्य रहेको, दलित र अन्य जात बिचमा भेदभाव र छुवाछुत समस्या हट्न नसकेको अवस्थामा सामाजिक परिवारको गठन भएपछि बढी जसो दलित जनजाति अझ महिला बढी सहभागी भएको धारणा अध्ययन क्षेत्रका जनताको पाइएको छ ।

स्थलगत अध्ययन क्षेत्रमा सहभागी भई स्थानीय जनताहरुसंग सा.प. गठन प्रति जनताको धारणाको बारेमा छलफल गर्दा निम्नानुसारको धारणा प्रस्तुत गरेका छन् ।

**तालिका नं.७**

**सामाजिक परिवारप्रति जनताको धारणा**

| सि. नं. | जात/जनजाति | सकारात्मक धारणा% | नकारात्मक धारणा% | जम्मा |
|---|---|---|---|---|
| १. | ब्राह्मण/क्षेत्री | ८० | २० | १०० |
| २. | जनजाति | ९० | १० | १०० |
| ३. | दलित | ९५ | ५ | १०० |

स्रोतः स्थलगत अध्ययन २०६८/०१/२२

माथिको तालिका नं. ४ मा देखाइए अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुले सामाजिक परिवारप्रति राखेको धारणामा ब्राह्मण क्षेत्री बाट ८० प्रतिशत गठनप्रति सकारात्मक धारणा प्रस्तुत गरेका छन् । त्यसैगरी क्रमशः जनजातिले सकारात्मक धारणा ९० प्रतिशतले देखाएका छन् भने १० प्रतिशतले सा.प.प्रति नकारात्मक धारणा देखाएका छन् । त्यसैगरी दलितले ९५ प्रतिशत सकारात्मक धारणा र ५ प्रतिशत सा.प.प्रति नकारात्मक धारणा व्यक्त गरेका छन् । उक्त तालिका अध्ययन गर्दा ग्रामिण समुदायमा सा.प. को गठनले धेरै जनतालाई सेवा सुविधा पुऱ्याई फाइदा गरेको देखिन्छ भने केही जनताहरुलाई असर गरेको तथा केहीको मात्र धारणा नकारात्मक रहेको कुरा स्थलगत अध्ययनबाट प्राप्त भएको छ ।

## ६.२ सामाजिक परिवारको वर्तमान अवस्था

समग्र विकास सेवा केन्द्रले सिरहा जिल्लामा सामाजिक परिवारको अवधारणा वि.स. २०५२ तिर सुरु गरेको हो । हालसम्म समग्र विकास सेवा केन्द्रद्वारा देशभरी जम्मा १० वटा जिल्लाहरुमा विकास भइसकेको छ । जुन जिल्लाहरु - १) गोरखा, २)लमजुङ, ३)धादिङ, ४)तनहुँ, ५) सिरहा, ६) सप्तरी, ७) उदयपुर, ८) संखुवासभा, ९) भोजपुर र १०) जुम्लामा सामाजिक परिवारको अवधारणा विस्तार गरेको छ ।

सिरहा जिल्ला लहान नगरपालिका वार्ड नं. ३ महेन्द्र राजमार्गबाट ३० मिटर उत्तरमा समग्र विकास सेवा केन्द्र क्षेत्रिय कार्यालय स्थापना गरिएको छ । जुन कार्यालयका क्षेत्रीय संयोजक

श्री दुर्गाप्रसाद महतो हुनुहुन्छ । दुर्गा प्रसादकै नेतृत्व र निर्देशनमा सप्तरी, उदयपुर, धनुषा जिल्लाहरुमा पनि कार्यक्रम लागु गर्दै आएको छ समग्र विकास सेवा केन्द्रले ।

यसैगरी सप्तरी जिल्ला अन्तर्गत डिमन गाविस मा जम्मा १५ वटा सा.प. गठन गरिएको छ । १५ वटा सामाजिक परिवारको गठन पश्चात सप्तरी जिल्ला अन्तर्गत डिमन गाविसका विभिन्न समुदायमा पत्यक्ष लाभ पुगेको कुरा दादगित दलित सा.प.का अध्यक्ष सिवदेव सदाले स्थलगत अध्ययनमा बताउनु भएको छ । सप्तरी जिल्ला भरिमा जम्मा ५७ वटा सामाजिक परिवारको गठन गरिएको छ । जुन सप्तरी जिल्लाको नगरपालिका र गाविस गरी जम्मा १० गाविस हरुमा सा.प. गठन भएको छ । जुन ५७वटा सामाजिक परिवार अन्तर्गत जम्मा ४६ वटा Income Generation Group पनि गठन गरिएको छ । SAMAGRA Project Report सप्तरी जिल्लामा क्षेत्रीय कार्यलयका रुपमा रहेको समग्र विकास सेवा केन्द्रको कार्यलय राजविराज नगरपालिका मा रहेको छ ।

सिरहा जिल्लामा जम्मा ४९ वटा सामाजिक परिवारको गठन गरिएको छ । यस जिल्लाका जम्मा ११ वटा गाविसहरुमा ‘सामाजिक परिवार’को विकास र विस्तार भएको जानकारी अध्ययन क्षेत्रका कार्यक्रम सहयोगी तथा सा.प.का सदस्यहरुसंग गरिएको अन्तरवार्ता र छलफलबाट थाहा भएको छ ।

यसरी सिरहा जिल्ला अन्तर्गत रहेका ४९ वटा सामाजिक परिवारले ३८ वटा Income Generation Group गठन गरेको छ । जुनgroup हरुकै माध्यमबाट सामाजिक विकास र परिवर्तनको प्रकृया अगाडी बढेको छ । यस अध्ययन क्षेत्रका जनताहरुको मुख्य पेशा कृषि र पशुपालन भएका कारण आवश्यक परेको समयमा पैसा प्राप्त हुन सक्ने अवस्था थिएन । उनीहरुले पैसा जम्मा गर्न केही दिन अगाडिदेखि नै योजना बनाईकन बस्तुबाखा बेचबिखन गरेर मात्र आफ्नो पारिवारिक समस्या टार्न सक्थे । वस्तु बाखा बेच्ने अवस्था छैन भने । परिवारको आवश्यकता टार्न घरमा भएको अन्न बेचबिखन गर्नुपर्ने अवस्था रहेको थियो । तर त्यस समुदायमा सामाजिक परिवारको गठन पछि सबै मानिसहरु एउटै परिवारका सदस्य जस्तै भए । एउटाको समस्या अर्कोले बुझ्न सक्ने भए । साथै सामाजिक परिवारका सदस्यहरु मिलेर Income Generation Group हरु गठन गरे । यसरी गठन गरेको समूहमा आफूसंग भएको पैसा जम्मा गर्ने बानीको विकास गर्न थाले र आफूलाई आवश्यक परेको समयमा समूहबाट ऋण स्वरुप लिई आफ्नो घरको आवश्यकता सहजै परिपूर्ति गर्न सक्ने अवस्थाको श्रृजना गर्न थाले । जुन समुदायमा Income Generation Group को गठनले गर्दा आफूलाई आवश्यक परेको

समयमा ऋण सहजै उपलब्ध हुन सक्ने अवस्थाको सृजना भएपछि समूदायमा भएका गरिब तथा धनी व्यक्तिका लागि सा.प. को गठन निकै प्रभावकारी रहेको अध्ययन क्षेत्रका उत्तरदाताले बताए ।

मैले अध्ययन गरेका विभिन्न सामाजिक परिवारहरुको वर्तमान अवस्था र कार्यसञ्चालन प्रणालीहरु प्रभावकारी रहेको छ । सामाजिक परिवारहरुले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरु समुदायका जनताका लागि प्रभावकारी रहेको कुरा स्थलगत अध्ययनबाट जानकारी प्राप्त भएको छ । मेरो अध्ययनका क्षेत्र अन्तर्गतका सामाजिक परिवारको अवस्था बुझ्ने क्रममा सामाजिक परिवारका सदस्य तथा कार्यक्रम सहयोगी अशोक स्मेल अली भन्नु हुन्छ - हामी यो समग्र विकास सेवा केन्द्रप्रति अत्यन्त मेहनतका साथ लागि रहेका छौं । यही संस्थाको सहयोग मार्फत् हाम्रो समुदायमा धेरै विकास कार्यहरु भइरहेका छन् । तर एउटा समस्या के छ भने हामी समुदायका मानिसलाई भेट्न तथा समय समयमा हुने बैठकमा जाँदा धेरै समयको खर्च हुने हुँदा हामीलाई यस समग्र विकास सेवा केन्द्रले कम्तीमा एक क्षेत्रीय कार्यलयमा एउटा सम्म मोटरसाइकल उपलब्ध गराए हामीलाई धेरै सहज हुने थियो भन्ने धारणा अध्ययन क्षेत्रमा गई सामाजिक परिवारको अवस्था र कार्यप्रणाली बुझ्ने क्रममा उत्तरदाताले बताएका छन् ।

# अध्याय - सात

## सारसंक्षेप र निष्कर्ष

### ७.१ सार संक्षेप

नेपालमा विकासका लागि धेरै अवसरहरु प्रशस्त मात्रामा भए पनि सामाजिक आर्थिक राजनैतिक सांस्कृतिक जस्ता विभिन्न समस्याहरु रहेका छन् । ग्रामिण समुदायको विकासका निम्ति सरकारी तथा गैह्र सरकारी संस्थाहरुबाट विभिन्न प्रयासहरु भई रहेका छन् । यसरी ग्रामिण विकासको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने गैह्र सरकारी संस्थाको रुपमा समग्र विकास सेवा केन्द्र पनि रहेको छ ।

यो सोधपत्र सिरहा जिल्ला अन्तर्गत पर्ने गोविन्दपुर गाविस र सितापुर गाविस मा बसोबास गर्दै आएका समुदायको बिचमा रहेको सामाजिक सम्बन्ध र समग्र विकास सेवा केन्द्रको भूमिकाका बारेमा व्याख्या र विश्लेषण यस सोधपत्रमा प्रस्तुत गरिएको छ ।

सिरहा जिल्लामा पर्ने १०६ गाविसहरु मध्ये गोविन्पुर र सितापुर गाविस आर्थिक, सामाजिक, राजनैतिक रुपबाट पिछडिएको समाजमा पर्दछ । जसमा दलित जनजातिको बाहुल्यता रहेको तथा अन्य बाहुन क्षेत्री पनि बसोबास गर्दछन् ।

अध्ययन क्षेत्रका गाविसहरु मध्ये सितापुर गाविस महेन्द्र राजमार्गबाट दक्षिणतर्फ समथर भू-भागमा अवस्थित छ भने अर्को अध्ययन क्षेत्र गोविन्दपुर गाविस महेन्द्र राजमार्गबाट उत्तरतर्फ केही भिरालो जमिन भएको, सिंचाई उपलब्धता तथा खानेपानी सुविधा कम उपलब्धता भएको तथा पेशाको रुपमा बढी जसो कृषिमा आधारित रहनुपर्ने जनताको बसोबास रहेको क्षेत्र हो ।

यस गाविसमा जातिय लैङ्गिक छुवाछुत, भेदभावको समस्या रहेको तथा चेतना र शिक्षाको कमि, राज्यका निकायहरुबाट विकासे कार्यक्रमहरु लागु गर्नमा केही समस्याहरु रहेको अवस्थामा उक्त समुदायलाई शसक्तिकरण तथा चेतनामुलक कार्यक्रमहरुबाट समुदायको विकासका लागि समग्र विकास सेवा केन्द्रले सिरहा जिल्लाका विभिन्न गाविस हरुमा साप गठन गरेर समुदायमा रहेको जातीय विभेद अन्त्य गर्दै सामाजिक सम्बन्धमा सुधार गर्दै लैजाने तथा समुदायलाई शसक्तिकरण गर्दै आएको छ ।

यस अध्ययन क्षेत्रका समुदायको सामाजिक सम्बन्ध विस्तार र विकास गर्नमा ‘सामाजिक परिवार’को गठन समुदायका लागि महत्वपूर्ण हुँदाहुँदै पनि समुदायको विकास तथा सामाजिक सम्बन्धमा विकास गराउन इच्छा देखाउने व्यक्ति, संस्था तथा निकायका लागि पनि मार्गदर्शन

गर्ने कार्य सामाजिक परिवारले गरेको छ भन्ने कुराको जानकारी मेरो अध्ययनले गराउने प्रयास गरेको छ ।सा.प.को गठन समुदायका लागि फलदायी भएको अध्ययनबाट देखिएको छ । सा.प.मार्फत् समुदायलाई विभिन्न सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा शसक्तिकरण गरी चेतनाको विकास र शिक्षाको प्रचारप्रसारबाट समुदायमा परिवर्तन हुने क्रममा रहेको सम्पूर्ण संस्कृतिहरुलाई अझ छिटो र समयानुकुल परिवर्तित अवस्थामा पुऱ्याउनका लागि सा.प. एउटा महत्वपूर्ण सामाजिक संगठनका रुपमा स्थापित हुन पुगेको कुरा अध्ययनले देखाएको छ । संगठनको महत्वलाई बुझीसकेपछि चेतनामूलक कार्यक्रमहरुबाट नै समाजमा शान्तिपूर्ण तरिकाले नै विकृति र विसंगति साथै जातीय, लैङ्गिक, वर्गीय भेदभाव र शोषणको अन्त्य गर्न सकिने रहेछ भन्ने धारणा अध्ययन क्षेत्रमा ज्ञान भएको छ भन्ने कुरालाई मेरो अध्ययनले पुष्टि गरेको छ ।

## ७.२ निष्कर्ष

मेरो अध्ययन क्षेत्रका समुदायका जनताहरुमा गरिएको अध्ययन अवलोकनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने - ग्रामिण विकासका लागि बाहिरबाट नीति निर्माण र कार्यक्रमहरु सञ्चालन गरेर गरिएको विकास भन्दा त्यही ग्रामिण क्षेत्रका जनताहरुको सांगठनिकता, उनीहरुको शसक्तिकरणमा जोड दिई, समुदायका मानिसहरुको मौलिक, ज्ञान, सीप र क्षमता अनुसार गरिएका विकासे कार्यक्रमहरुबाट मात्र ग्रामिण समुदायका जनताहरुको समग्र विकास हुन सक्ने रहेछ भन्ने निष्कर्ष मेरो अध्ययनले पत्ता लगाएको छ ।

कुनै पनि समुदायको समग्र विकास र दिगो विकास तथा समाजको सकारात्मक परिवर्तनका निम्ति समुदायका जनताहरु बिच एक आपसमा सम्बन्ध अत्यन्तै घनिष्ट र सुमधुर हुनुपर्ने निष्कर्ष यस अध्ययनले निकालेको छ ।

आजको यस्तो जटिल समाज विकासशील समाजमा मौलिक संगठनहरुको आवश्यकता महसुस भइरहेको परिप्रेक्ष्यमा नेपाल जस्तो भौगोलिक हिसाबले विविधता, जातिय विविधता साथै सांस्कृतिक विविधताको क्रम तिव्र भईरहेको सन्दर्भमा समग्र विकास सेवा केन्द्र जस्ता ग्रामिण जनताको जातिय सम्बन्ध, मौलिक ज्ञानको प्रयोग गरी विकास कार्य गर्ने प्रकारका सरकारी तथा गैह्र सरकारी संस्थाहरुको आवश्यकता आजको यस समाजमा महत्वपूर्ण रहेको कुरा मेरो अध्ययनको निष्कर्षको रुपमा रहेको छ ।

मैले अध्ययन गरेको क्षेत्रका समुदायमा परम्परागत रुपबाट नै निरन्तर चलिरहेको जातीय विभेद र शोषण जस्ता खराब नीतिहरु २०५२ देखि २०६२/६३ सम्म चलेको दोस्रो जनआन्दोलन पश्चात्  समाजमा क्रमशः अन्त्य हुँदै गईरहेको निष्कर्ष मेरो यस अध्ययनले निकालेको छ ।

आफ्नो जातीय पेशाको संरक्षण होस् तथा सामाजिक रुपले छुवाछुतको अन्त्य होस् । हामी पहाडे, मधेषी, दलित, गैह्र दलित एकै हौं । हामी यस तराई क्षेत्रमा बसोबासस गर्ने सबै जनताहरुलाई विकासको समान अवसर दिइयोस् भन्ने चाहना यस अध्ययन क्षेत्रका जनताको रहेको छ ।

समग्र विकास सेवा केन्द्रले ल्याएको अवधारणा सा.प. समुदायको सामाजिक विकास लगायत आर्थिक विकासका दृष्टिकोणले महत्वपूर्ण रहेको छ भन्ने  निष्कर्ष अध्ययनबाट निकाल्न सकिन्छ । ग्रामिण समुदायको विकासका निम्ति समग्र विकास सेवा केन्द्र जस्ता गैरसरकारी संस्थाको योगदान महत्वपूर्ण हुने निष्कर्ष अध्ययनबाट निकाल्न सकिन्छ । शिक्षा र चेतना  नै समाज विकास र परिवर्तनको मुख्य आधार हो भन्ने निष्कर्ष पनि यस अध्ययनको रहेको छ ।

# सन्दर्भग्रन्थ सूची


अन्नपूर्ण पोष्ट, २२ चैत २०६६ ।

छोटा नागरिक बडा नागरिक, विश्व बैंक ।

थापा, ज्ञानुदेवी (२०३९), पोखरा नगर क्षेत्रमा दलित जातिहरुको पृष्ठभूमी,काठमाण्डौं नेपाल ।

नयाँ नेपालमा दलित, राष्ट्रिय दलित आयोग, काठमाडौं नेपाल ।

नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन, हिमाल एसोसिएसन ।

नेपाली, गोपालसिंह (१९६५), द नेवार युनाइटेड एसियन पब्लिकेशन, इन्डिया ।

नेपाली बृहत शब्दकोष, नेपाल प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, गोविन्द । २००७ सहभागितमूलक सामाजिक विकास, नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन । मेरी डेसेन, प्रत्युस वन्त । सोसियल साइन्स बहा ।

बिष्ट, डोरबहादुर (२०५५), सबै जातको फूलबारी, साझा प्रकाशन । ललितपुर काठमाण्डौ नेपाल ।

भट्टचन, कृष्णबहादुर र अन्य(२००८) नेपालमा जातिय भेदभाव/दलित गैरसरकारी संस्था महासंघ नेपाल, नेपाल राष्ट्रिय समाज कल्याण संघ, काठमाण्डौं ।

भण्डारी, कृष्ण मुरारी (२०७६), दलित बस्तीमा आश्चार्यजनक परिवर्तन । अन्नपूर्ण पोष्ट, बुधबार २१, पुस २०६७ ।

मिश्र, चैतन्य (२०६२), पूँजीवाद र नेपाल, काठमाण्डौं, टेकु, मुल्याङ्कन प्रकाशन गृह प्रा.लि.।

शरद वसन्त (२००७) नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन । मेरी डेसेन, प्रत्युस वन्त । सोसियल साइन्स बहा ।

Anderson, B.1991. Imagined Communities: Reflection on the Origin and Spirit of Nationalism.London

Bhattachan, K.B. and C. Mishra, eds.1997. Developmental Practices in Nepal, Kathmandu: T.U. Central Department of Sociology /Anthropology

Bongartz, H and Dahal, D.1996. Development Studies: Self Help Organization, NGO and Civil Society, NEFAS/FES

Caplan, Lionel. 1970. Land and Social Change in East Nepal. London: Routledge and Kegaun Paul.

Central Bureau of Statistic 2001.Population of Nepal, VDC/Municipalities. HMG, Nepal.

Devkota P.L. 2008. Modeling People Centered Development Practives in Nepal. In Discouses on Anthropology and Development Nepa, Academic Book Center, Kirtipur Kathmandu Nepal

District and VDC Profile 2010.

Gurung, Om 1999; Local Institution Cultural Practices and Resources Management in a Mountain Village of West Nepal.Kathmandu.

Marahatta, BalKrishana 2003,Mother's Group and It's Socio-economic Impact on Rural People.T.U. Dissertation.

Parson Talcott,1937. The Structure of Social Action. New York:Mc Graw Hill.

Samagra Bulletin 1996-2007.

Samagra Project Report 2007.SAMAGRA, Kathmandu.

www.globalissues.com/geopolitics

www.samagra.nepal.org

http://en.wikipedia.org/wiki/community-organizing.december2010